## सर्वोच्च अदालत, संयुक्त इजलास

### माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी

### माननीय न्यायाधीश श्री सुनिल कुमार पोखरेल

## <u>फैसला</u>

### ०७७-CR-०२६९

### मुद्दाः- <u>बालयौन दुराचार।</u>

स्थायी ठेगाना 1019 Hunt Club Mews, London, Ontario, Canada घर भई हाल कारागार शाखा, काभ्रेपलाञ्चोक धुलिखेल थुनामा रहेको राहदानी नं. HM501466 का बाहक पीटर जोन डाल्गलिश (Peter John Dalglish)..............१ — <u>पुनरावेदक</u> प्रतिवादी

<u>विरूद्ध</u>

नाम परिवर्तित काठमाडौं २६ सी. आई. बी. २९६ समेतको जाहेरीले नेपाल सरकार..........................................................................१ — <u>प्रत्यर्थी</u> वादी

### ०७७-CR-०३२८

### मुद्दाः- <u>बालयौन दुराचार।</u>

नाम परिवर्तित काठमाडौं २६ सी. आई. बी. २९६ समेतको जाहेरीले नेपाल सरकार..........................................................................१ — <u>पुनरावेदक</u> वादी

<u>विरूद्ध</u>

स्थायी ठेगाना 1019 Hunt Club Mews, London, Ontario, Canada घर भई हाल कारागार शाखा, काभ्रेपलाञ्चोक धुलिखेल थुनामा रहेको राहदानी नं. HM501466 का बाहक पीटर जोन डाल्गलिश (Peter John Dalglish)..............१ — <u>प्रत्यर्थी</u> प्रतिवादी

| | |
|---|---|
| सुरू तहमा फैसला गर्नेः- | माननीय न्यायाधीश श्री अर्जुन अधिकारी |
| सुरु तहमा फैसला गर्ने अदालतः- | काभ्रेपलाञ्चोक जिल्ला अदालत |
| मुद्दा नं.:- | ०७४-CR-०१३७ |
| फैसला मितिः- | २०७४।०३।२३ |

| | |
|---|---|
| पुनरावेदन तहमा फैसला गर्नेः- | माननीय न्यायाधीश श्री रामप्रसाद ओली |
| | माननीय न्यायाधीश श्री मिना गौतम सेडाई |
| पुनरावेदन तहमा फैसला गर्ने अदालतः- उच्च अदालत पाटन | |
| मुद्दा नं.:- | ०७६-CS-०४२८ |
| फैसला मितिः- | २०७६।१०।०९ |

उच्च अदालत पाटनबाट मिति २०७६।१०।०९ मा भएको फैसलाउपर न्याय प्रशासन ऐन, २०७३ को दफा ९ बमोजिम वादी नेपाल सरकार र प्रतिवादी PETER JOHN DALGLISH को यस अदालतमा पुनरावेदन दायर गरेको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार छः-

<u>तथ्यगत बेहोराः</u>

१. काभ्रेपलाञ्चोक जिल्ला मण्डन देउपुर नगरपालिका वडा नं.१ स्थित चिरिकाजी महर्जनको घरमा डेरा गरी बसेका विदेशी मुलुकका नागरिकले नेपाली नाबालकहरुलाई विभिन्न सामानहरु, फलफुल र खानेकुरा तथा नगद रकम समेत दिई ललाई फकाई गरी तथा प्रलोभनमा पारी बालयौन दुराचार (Pedophile) गरी गराई नेपाली बालबालिकाहरुलाई पीडित बनाउने गरेको भन्ने बिशेष सूचना यस ब्यूरोमा प्राप्त हुन आएकोले उल्लिखित कसूर अपराधमा संलग्न पीडक र पीडितहरुको पहिचान गरी पीडकहरु पक्राउ तथा पीडितहरुको उद्दार गर्नु भन्ने यस ब्यूरोको आदेशानुसार जिल्ला काभ्रेपलाञ्चोक मण्डन देउपुर नगरपालिका वडा नं.१ स्थित चिरिकाजी महर्जनको घरको आसपासमा प्रहरी खटिई निरन्तर निगरानी गर्दै जाँदा उक्त घरमा क्यानाडियन नागरिक PETER JOHN DALGLISH बस्ने गरेको र निजले नेपाली नाबालकहरुलाई बालयौन दुराचार (Pedophile) गर्ने गरेको पत्ता लगाई मिति २०७४।१२।२४ गते दिनको ०९:०० बजे उक्त घर खानतलासी गर्दा भुई तला समेत माथि २ तला भएको घरको पहिलो तलामा पीडित नाम परिवर्तित काठमाडौं २६ सि.आई.बि.२९४ र दोश्रो तलामा प्रवेश गर्दा निज क्यानाडियन नागरिक PETER JOHN DALGLISH को शरीरको सम्पूर्ण कपडाहरु खोलेको नग्न अवस्थामा फेला पारी शंकास्पद देखिई कानून बमोजिम उक्त घर कोठा खानतलासी लिंदा सोही घरको दोश्रो तलामा अर्को पीडित नाम परिवर्तित काठमाडौं

२६ सि.आई.बि.२९५ माथि भेष्ट मात्रै लगाएको तल केही नलगाएको अर्ध नग्न अवस्थामा फेला पारी दुवै नेपाली नाबालकहरुसँग तत्कालै प्रारम्भिक सोधपुछ गर्दा निजहरुले आफूहरुको घर उक्त स्थानबाट १० मिनेटको दुरीमा रहेको र नाम परिवर्तित काठमाडौं २६ सि.आई.बि.२९५ लाई मिति २०७४।१२।२३ गते २०:४५ बजेको समयमा निज क्यानाडियन नागरिक PETER JOHN DALGLISH ले बाथरुममा लगेर नग्न अवस्थामा नुहाईदिएको र त्यसपश्चात निजले लगाउने भेष्ट लगाउन लगाई सुताई निज पीडितको यौनाङ्ग खेलाउने तथा चलाउने कार्य गरेको र निज क्यानाडियन नागरिकले पीडित नाम परिवर्तित काठमाडौं २६ सि.आई.बि.२९४ लाई निज १० वर्षको उमेर हुँदाको अवस्था (५ वर्ष अगाडि) देखि गोप्य अङ्ग (यौनाङ्ग) खेलाईदिने, हल्लाईदिने, यौनाङ्ग चुस्ने, गुदद्वारमा औला छिराउने जस्तो कार्य गर्दै आईरहेको र पीडित नाम परिवर्तित काठमाडौं २६ सि.आई.बि.२९४ लाई अन्तिम पटक मिति २०७४।१२।१८ गते गोप्य अङ्ग (यौनाङ्ग) खेलाईदिने, हल्लाईदिने, संवेदनशील अङ्ग (यौनाङ्ग चुस्ने), गुद्वारमा औला छिराउने कार्य गरेको र आफूहरुलाई क्यानाडियन नागरिक PETER JOHN DALGLISH ले खानेकुरा, नगद रकम समेत दिने र कपडा दिने तथा बैंकक घुम्न लैजाने, ठूलो भएपछि पाँच तारे होटलमा काम लगाई दिने, विदेश लैजाने र ठूलो मानिस बनाउने भन्ने प्रलोभनमा पारी निज बस्ने घरमा बोलाई राखी संवेदनशील अङ्गहरु खेलाउन लगाउने, निजले संवेदनशील अङ्गहरुमा छुने, चलाउने, चुस्ने (Suck) गर्ने गरेको तथा निजले आफू जस्ता अरु पनि नाबालकहरुलाई ललाई फकाई गरी प्रलोभनमा पारी यस्तो कार्य गर्न लगाउने गरेको भन्ने खुलाएकोले वर्ष १४ को नेपाली बालक पीडित नाम परिवर्तित काठमाडौं २६ सि.आई.बि.२९४ र वर्ष १२ को नेपाली बालक २९५ समेतलाई उद्दार गरी बालयौन दुराचार (Pedophile) गर्ने क्यानाडियन नागरिक PETER JOHN DALGLISH लाई तत्कालै पक्राउ गरी निज बस्दै आएको घर कोठा कानून बमोजिम खानतलासी गर्दा फेला परेका निजैको पासपोर्ट, ल्यापटप, मोबाईल फोन समेतका बरामदी मुचुल्कामा उल्लिखित दशीका सामानहरु बरामद गरी घटनाको बारेमा सोधपुछ गरिएको सिडी, घटनास्थलबाट लिएको फोटो समेत यसै प्रतिवेदनसाथ पेस गरेका छौं। कानून बमोजिम गरी पाऊँ भन्ने बेहोराको प्रहरी प्रतिवेदन।

२. मेरो छोरा परिवर्तित नाम काठमाडौं २६ सि.आई.बी २९५ साँखुको बोर्डिङ स्कुलमा कक्षा ६ मा पढ्दै आएको छ। यस्तैमा मेरो गाउँको दाई नाता पर्ने चिरिकाजी महर्जनको नाममा जग्गा किनी HM ५०१४६६ नं. को राहदानी बाहक क्यानाडाको नागरिक PETER JOHN DALGLISH ले निजको जग्गामा घर बनाई बसोबास गर्ने गर्दथे। निजको घरको वरिपरी राम्रो किसिमको फूलबारी रोपेको र राम्रो किसिमको घर बनाएर बसेको PETER JOHN DALGLISH गाउँमा सहयोग गर्ने किसिमको मानिस थिएँ। मेरो छोरा परिवर्तित नाम काठमाडौं २६ सि.आई.बी २९५ पनि मेरो दाजु परिवर्तित नाम काठमाडौं २६ सि.आई.बी २९६ को छोरा परिवर्तित नाम काठमाडौं २६ सि.आई.बी २९४ सँग निजको घरमा जाने गर्दथे र निजको सहयोगी मानिस शंकर बस्ताकोटीले स्कूलमा फि तिरी दिने, स्कुलको जुत्ता, कापी, किताब र लुगा किनी दिने जस्ता किसिमको काम गर्दै आएका थिएँ। मिति २०७४/१२/२४ गते बिहान HM ५०१४६६ नं. को राहदानी बाहक क्यानाडियन नागरिक PETER JOHN DALGLISH को घरमा प्रहरीले छापा मारेको छ भनेपछि मेरो छोरा परिवर्तित नाम काठमाडौं २६ सि.आई.बी २९५ पनि उल्लिखित प्रतिवादीको घरमा नुहाउन भनी गएको र रातीको समयमा त्यही सुतेको छ के भयो होला भनी कुरा बुझ्दा निज प्रतिवादी PETER JOHN DALGLISH ले मेरो छोरा परिवर्तित नाम काठमाडौं २६ सि.आई.बी २९५ लाई ललाई फकाई गरी मीठो खाने लोभमा पारी बालयौन दुराचार (Pedophile) जस्तो जघन्य प्रकृतिको कार्य गर्दा रहेछन भनी प्रहरीद्वारा जानकारी गराएपछि मलाई थाहा जानकारी हुन आयो। यसरी उल्लिखित प्रतिवादीले मेरो नाबालक छोरालाई आफ्नो सावरमा नुहाई धुवाई गर्ने, निजको घरको कोठामा रातको समयमा सुताई मेरो छोराको पुरुष यौनाङग (PENIS) खेलाई दिने, मुखले चुस्ने जस्तो कार्य गरेको हुँदा उल्लिखित प्रतिवादीलाई बालयौन दुराचार (Pedophile) मुद्दामा कानून बमोजिम कारबाही गरी पाऊँ भन्ने बेहोराको नाम परिवर्तित काठमाडौं २६ सि.आई.बि.२९७ को जाहेरी दरखास्त।

३. म जाहेरवाला नाम परिवर्तित काठमाडौं २६ सि.आई.बि.२९६ प्रतिवादी PETER JOHN DALGLISH को घरमा मालीको काम गर्न थालेको ५ वर्ष जति भयो। मेरो छोरा नाम परिवर्तित काठमाडौं २६ सि.आई.बि. २९४ कक्षा ७ मा अध्ययन गर्छन्। मेरो आर्थिक अवस्था कमजोर भएकोले मैले उल्लिखित प्रतिवादीको घरमा काम गर्न थालेको

थिएँ। म उल्लिखित प्रतिवादीको घरमा काम गर्ने क्रममा मेरो छोरा उल्लिखित प्रतिवादीको घरमा बसोबास गर्ने, खाना खाने काम गर्दथे। यस्तैमा मिति २०७४/१२/२४ गते बिहान HM ५०१४६६ नं. को राहदानी बाहक क्यानाडाको नागरिक PETER JOHN DALGLISH को घरमा प्रहरीले छापा मारे पछि मेरो छोरालाई मैले सोधपुछ गर्दा उल्लिखित प्रतिवादीले मेरो नाबालक छोरालाई १० वर्षको हुँदाको अवस्था देखि (५ वर्ष अगाडि देखि) मेरो छोराको गोप्य अङ्ग (यौनाङ्ग) खेलाईदिने, हल्लाई दिने, यौनाङ्ग चुस्ने, गुद्वारमा औला छिराउने जस्तो कार्य गर्ने गरेको थिएँ भनी मलाई बताएपछि मलाई सो बारेमा जानकारी हुन आयो। यसरी मेरो नाबालक छोरालाई विभिन्न किसिमको प्रलोभनमा पारी उल्लिखित बालयौन दुराचार कार्य गरेकोले उल्लिखित प्रतिवादीलाई बालयौन दुराचार (Pedophile) मुद्दामा कारबाही गरी उचित क्षतिपूर्ति समेत भराई पाऊँ भन्ने बेहोराको नाम परिवर्तित काठमाडौं २६ सि.आई.बि.२९६ को जाहेरी दरखास्त।

४. म साँखु बोर्डिङ स्कूलमा ६ कक्षामा पढने गर्दछु। मेरो मामा जिल्ला काभ्रेपलाञ्चोक मण्डन देउपुर नगरपालिका वडा नं.१ स्थित चिरिकाजी महर्जनको घरमा डेरा गरी बसेका विदेशी, क्यानाडियन नागरिक PETER JOHN DALGLISH को घरमा ५ वर्ष अगाडि देखि मासिक पारिश्रमिक लिई घाँस उखाल्ने, फुलवारीमा मालीको समेत काम गर्दै आईरहनु भएको थियो। सोही क्रममा मेरो मामाको छोरा र म क्यानाडियन नागरिक PETER JOHN DALGLISH बस्ने घरमा आउने जाने बस्ने गर्दथ्यौ। सोही क्रममा मिति २०७४।१२।२३ गते साँझ २०:४५ बजेको समयमा मलाई मीठो खाना खान दिने, स्कूलको शुल्क तिरिदिने, कपडा दिने र विदेश घुम्न लैजाने जस्ता प्रलोभन दिई सावरमा नाङ्गै नुहाउन लगाई मेरो यौनाङ्ग (गोप्य अङ्ग) हेरेको र निजले आफूले लगाएको भेष्ट लगाउन दिई तल केही लगाउन नदिई सुत्न लगाई मेरो यौनाङ्ग खेलाएको हुँदा यसरी मेरो नाबालकपनको फाईदा उठाउँदै खानेकुरा, नगद रकम समेत दिने र कपडा दिने, विदेश घुमाउने, काम लगाईदिने जस्ता प्रलोभनमा पारी बालयौन दुराचार कार्य गरेको हुँदा निजलाई कानून बमोजिम कारबाही गरी क्षतिपूर्ति समेत दिलाई पाऊँ भन्ने बेहोराको नाम परिवर्तित काठमाडौं २६ सि.आइ.बि.२९५ को कागज।

५. हाम्रो आर्थिक अबस्था कमजोर भएको हुँदा मेरो बुबा जिल्ला काभ्रेपलाञ्चोक मण्डन देउपुर नगरपालिका वडा नं.१ स्थित चिरिकाजी महर्जनको घरमा डेरा गरी बसेका विदेशी क्यानाडियन नागरिक PETER JOHN DALGLISH भाडामा बसेको घरमा ५ वर्ष अगाडि देखि मासिक १४०००।– (चौध हजार) मा घाँस उखाल्ने, फूलवारीमा मालीको समेत काम गर्दै आईरहनु भएको थियो। सोही क्रममा हामी पनि निज क्यानाडियन नागरिक PETER JOHN DALGLISH ले नै लगानी गरी चिरिकाजी महर्जनको जग्गामा बनाएको अर्को घरमा बस्ने गर्दथ्यौ। म नगरकोट सरकारी स्कुलमा कक्षा ७ मा पढ्दै छु। यसरी बुबाले उक्त घरमा काम गर्ने कार्य गर्दै आईरहनु भएको हुँदा म पनि निज क्यानाडियन नागरिक PETER JOHN DALGLISH बस्दै आएको घरमा आउने जाने बस्ने गर्दथें। यसरी निज बस्ने घरमा आउने जाने क्रममा मलाई मेरो नाबालकपनको फाईदा उठाउँदै खानेकुरा, नगद रकम समेत दिने र कपडा दिने तथा बैंकक घुम्न लैजाने, ठूलो भएपछि पाँच तारे होटलमा काम लगाईदिने, विदेश लैजाने भन्ने प्रलोभनमा पारी मलाई ५ वर्ष अगाडि देखि (अं.१० वर्षको उमेर हुँदाको अबस्था देखि नै) गोप्य अङ्ग (यौनाङ्ग) खेलाईदिने, हल्लाई दिने, यौनाङ्ग चुस्ने, गुदद्वारमा औला छिराउने जस्ता कार्य गर्दै आईरहेको र निजले अन्तिम पटक मलाई मिति २०७४।१२।१८ गते गोप्य अङ्ग (यौनाङ्ग) खेलाईदिने, हल्लाईदिने, संवेदनशील अङ्ग (यौनाङ्ग चुस्ने), गुदद्वारमा औला छिराउने कार्य गरी बालयौन दुराचार कार्य गरेको हुँदा निजलाई कानून बमोजिम कारबाही गरी क्षतिपूर्ति समेत दिलाई पाऊँ भन्ने बेहोराको नाम परिवर्तित काठमाडौं २६ सि.आइ.बि.२९४ को घटना विवरण कागज।

६. जिल्ला काभ्रेपलाञ्चोक मण्डन देउपुर नगरपालिका वडा नं.१ स्थित चिरीकाजी महर्जनको जग्गा भाडामा लिई घर बनाई बसेका विदेशी नागरिक राहदानी नं. HM ५०१४६६ को बाहक PETER JOHN DALGLISH को साथ कोठाबाट मिति २०७४/१२/२४ गते पीडित नाम परिवर्तित काठमाडौं २६ सि.आई.बि. २९५ र PETER JOHN DALGLISH समेत एउटै कोठामा फेला परेकोले विदेशी नागरिकलाई पक्राउ गरी बालकलाई उद्दार गरी कोठामा रहेका ल्यापटप, क्यामेरा समेत बरामद भएको भन्ने समेत बेहोराको मिति २०७४।१२।२४ गतेको बरामदी खानतलासी मुचुल्का।

७. प्रतिवादी क्यानाडियन नागरिक वर्ष ६१ को PETER JOHN DALGLISH राहदानी नं. HM ५०१४६६ सँग ८।९ वर्ष अगाडि चिनजान भएको हो। हाल निज चिरिकाजी महर्जनको जग्गामा बनाएको घरमा बस्दै आउनु भएको छ। उक्त घरमा विदेशीहरु पनि Air B & B बाट अनलाईन बुकिङ गरेपछि मानिसहरु भाडा तिरेर बस्न आउँछन र सो क्रममा म विदेशीहरुसँग अंग्रेजी बोल्ने दोभाषेको रुपमा काम गर्ने गरेको हुँदा मलाई पनि मासिक रु.३०,००० (तीस हजार) दिएर निजको काम गर्ने गर्दथें। सोही क्रममा म उल्लिखित प्रतिवादी बसेको उक्त घरमा आउने जाने गर्दथें। मिति २०७४।१२।२३ गते पनि साँझ म सो घरमा गएको थिएँ। सो समयमा प्रहरीले उद्धार गरी ल्याएको पीडितहरु पनि सोही स्थानमा थिएँ। म साँझ २०:०० बजे फर्किए। परिवर्तित नाम काठमाडौं २६ सि.आई.वि.२९७ को जाहेरीमा उल्लेख गर्नु भएको साँखु बोर्डिङ स्कूल (एभरग्रीन बोर्डिङ स्कूल साखुँ) मा सिंगापुरबाट आएकी विदेशी महिला नागरिक सारा जेनले सो स्थानमा घुम्न आएको बेलामा Learning Centre लाई हेरेर निजले बच्चाको स्कुलको लागि आवश्यक शुल्क, किताब, लुगा देखि सबै खर्च व्यहोरी दिने गरी हामीले गठन गरेको हिमालयन कम्युनिटी फाउण्डेशनको नाममा काठमाडौंको बानेश्वरस्थित रहेको नेबिल बैंकमा रहेको खातामा भर्ना गर्ने बेलामा एकै पटक सिंगापुरबाट सारा जेनले पठाउने गरेकी छिन र सो रकमले उक्त बोर्डिङ स्कुलका बच्चाको भर्ना हुँदा सम्पूर्ण खर्च व्यहोरिने गरिएको छ। हाम्रो उक्त हिमालयन कम्युनिटी फाउण्डेशन समाज कल्याण परिषद, जिल्ला विकास समिति काठमाडौं, जिल्ला प्रशासन कार्यालय काठमाडौंमा २ वर्ष अगाडि दर्ता गरेका छौं। उक्त संस्थाको अध्यक्ष प्रविण गौतम हुनुहुन्छ म त्यो संस्थाको सदस्य रहेको छु। PETER JOHN DALGLISH ले पीडितहरुलाई बालयौन दुराचार गरेको सम्बन्धमा पीडितका बाबुले भनेपछि थाहा हुन आयो। निजले के कुन मौका छोपेर त्यस्तो कार्य गर्दथे मैले देखिन। यसरी यस्ता नाबालकहरुलाई बालयौन दुराचार गर्न कार्य गर्ने यी प्रतिवादीलाई कानून बमोजिम कारबाही हुनुपर्छ भन्ने बेहोराको शंकर बस्ताकोटीको घटना विवरण कागज।

८. सन् २००२ October १० मा पहिलो पटक नेपालस्थित UN को Senior adviser को रुपमा नियुक्त भएर नेपाल आएको थिएँ। मैले २००२ देखि २००६ सम्म नेपालमै काम गरें। त्यसपछि २००६ देखि २०१० सम्म क्यानडामा काम गरें। त्यसपछि

२०१० बाट First January २०१८ सम्म अफगानिस्थानमा काम गरें। भर्खर मात्र रिटायर्ड भएको हुँ। म सुरु देखि हालसम्म ३० पटक भन्दा बढि पटक नेपाल आईसकेको छुँ। हाल म पर्यटक भिसामा ३० दिनको लागि नेपाल आएको थिएँ। म नेपालमा आएर भूकम्पले पुऱ्याएको भौतिक संरचनाको निर्माण गर्ने कार्यमा आर्थिक, सामाजिक सहयोग गरिरहेको छु। मुख्य रुपमा तनहूँ र काभ्रेको ११ गाँउहरुमा खानेपानीको कार्यक्रम सञ्चालन गरेको छु। मेरो विरुद्धमा जाहेरी दिएका जाहेरवालाहरु मध्ये म नाम परिवर्तन काठमाडौं २६ सि.आई.वि २९६ लाई चिन्दछु। निज मेरो घरमा सरसफाई र मालीको काम गर्छन् र अर्को जाहेरवालालाई चिन्दिन र मेरो कुनै रिसइवी पनि छैन। मैले पीडित नाम परिवर्तित काठमाडौं २६ सि.आई.बि. २९४ को बुबा मेरो घरमा काम गर्ने भएकोले मैले लगभग अढाई वर्ष अगाडि पहिलो पटक निज आफ्नो बुबासँग मेरो घरमा आएका थिएँ त्यसबेलादेखि म उनलाई चिन्दछु। उनी मेरो घरमा प्रायः आफ्नो बुबासँग आउँथे। त्यसैगरी अर्का पीडित नाम परिवर्तन काठमाडौं २६ सि.आई.बि. २९५ लाई लगभग १८ महिना अगाडि देखेको थिएँ। निज दुबै जना पीडितसङ्गै मेरो घरमा आएका थिएँ र पीडित नाम परिवर्तन काठमाडौं २६ सि.आई.बि. २९५ मेरो घरमा खासै आउदैनथे। लगभग २/३ पटक मात्र आएका छन्। मैले नाम परिवर्तित काठमाडौं २६ सि.आई.बि.२९५ लाई २/३ पटक देखेको थिएँ। उल्लिखित पीडित, अर्का पीडित नाम परिवर्तित काठमाडौं २६ सि.आई.बि. २९४ सँग मेरो घरमा आएका थिएँ र मेरो घरमा २/३ रात जति बसेका पनि थिएँ तर उनी एक्लै कहिलै आएनन्। मैले निजलाई कुनै किसिमको आश्वासन दिई निज पीडितको पुरुष यौनाङग (PENIS) खेलाई दिने, हल्लाई दिन, संवेदनशील अङ्ग मुखले चुस्ने जस्तो कुनै पनि कार्य गरेको छैन। पीडित नाम परिवर्तित काठमाडौं २६ सि.आई.बि. २९४ को बुबा मेरो घरमा काम गर्ने भएकोले निजले नै आफ्नो छोरालाई मेरो घरमा रातको समयमा बस्नलाई छोडेर जान्थे किनकी उसको घरको वातावरण राम्रो थिएन। मैले निज पीडितलाई निजको बुबाको अनुरोधमा स्कूलको फि तिर्ने, लुगा कपडा किन्ने लगायतको सहयोग गर्दथे। मैले निज पीडितलाई विभिन्न प्रकारको आश्वासन दिई प्रलोभनमा पारी निज पीडितको पुरुष यौनाङ्ग (PENIS) खेलाई दिने, हल्लाई दिने, संवेदनशील अङ्ग मुखले चुस्ने, गुद्वारमा औंला छिराउने जस्तो कुनै पनि कार्य गरेको

छैन। उल्लिखित पीडितहरु आफ्नो ईच्छा अनुसार मेरो घरमा सुत्थे। मैले आफ्नो करले पीडितलाई त्यहाँ सुताएको हैन। पीडित नाम परिवर्तन काठमाडौं २६ सि.आई.बि. २९४ आफ्नो बुबासँग र अर्को पीडित नाम परिवर्तन काठमाडौं २६ सि.आई.बि. २९५ पीडित नाम परिवर्तन काठमाडौं २६ सि.आई.बि. २९४ सँग मेरो घरमा आउथे। म स्कूलमा पढ्ने बेलामा ११ वर्षको हुँदा खेरी ४ वर्षसम्म मेरो टिचरले मलाई कुट्ने लगायतको कार्य गरेर बालयौन दुराचार गरेका थिएँ। त्यसपछि मैले आफै १६ वर्षदेखि १८ वर्षको उमेरसम्म धेरै बच्चाहरुलाई बालयौन दुराचार गरेको थिएँ। त्यसपछि मैले कसैलाई पनि बालयौन दुराचार गरेको छैन भन्ने बेहोराको प्रतिवादी PETER JOHN DALGLISH को बयान।

९. प्रतिवादी क्यानाडियन नागरिक वर्ष ६० को PETER JOHN DALGLISH राहदानी नं. HM ५०१४६६ लाई सन् २००२ मा ललितपुरको सानेपामा चिनेको थिएँ। मैले उल्लिखित प्रतिवादीको बस्ने घरमा मालीको रुपमा पार्ट टाईम जब गर्दथे। पछि मैले मालीको रुपमा काम गर्न छोडेपछि पनि उल्लिखित प्रतिवादीले म र मेरो श्रीमतिलाई आफू बस्ने घरमा बोलाउँथे। हामी त्यहाँ गएर खाना पकाउने लगायतको काम गर्ने गर्दथ्यौ। घरमा जाने क्रममा उल्लिखित प्रतिवादीले मेरो जग्गा भाडामा लिने भनेर भन्दाखेरी मैले उल्लिखित प्रतिवादीलाई आफ्नो जग्गा भाडामा दिने भनेर अनौपचारिक सम्झौता भएको हो। प्रतिवादीले मेरो जग्गा आज भन्दा करिब ३ वर्ष अगाडि भाडामा लिए। त्यसपछि उल्लिखित प्रतिवादीले मेरो जग्गामा घर बनाए र त्यो घर निजले आफू मरेपछि मलाई प्रयोग गर्नु भनेर भनेका थिएँ र मलाई कहिलेकाँही १५/२० हजार रुपैया दिने गर्दथे। उक्त घरमा विदेशीहरु पनि Air B&B बाट अनलाईन बुकिङ गरेपछि मानिसहरु भाडा तिरेर बस्न आउछन् भन्ने सुनेको छु। उल्लिखित घरमा पीडित नाम परिवर्तित काठमाडौं २६ सि.आई.बि.२९४ र अरु केटाहरु पनि कहिलेकाँही सुतेका हुन्थे। म कहिलेकाँही मात्र त्यहाँ जाने भएकोले पीडितहरुलाई उल्लिखित प्रतिवादीले बालयौन दुराचार कति बेला गर्दथे मलाई थाहा भएन। तर उसँग पहिले देखि नै केटाकेटीहरु हिडिरहन्थे भन्ने बेहोराको चिरिकाजी महर्जनको घटना विवरण कागज।

१०. प्रतिवादी क्यानाडियन नागरिक वर्ष ६० को PETER JOHN DALGLISH राहदानी नं. HM ५०१४६६ लाई सन् २००३ मा मैले दाङमा एउटा बालबालिका सम्बन्धी संस्था

खोलेको थिएँ, निज प्रतिवादी उल्लिखित समयमा ILO मा Senior Technical Adviser को रुपमा काम गर्दथे। त्यसबेला म बालबालिका सम्बन्धी ILO ले केही सहयोग गर्न सक्छ कि भनेर निजले काम गर्ने ILO को अफिसमा जाँदा पहिलो पटक काठमाडौंमा भेट भएको थियो। त्यसपछि उल्लिखित प्रतिवादीको मसँग कहिलेकाँही भेटघाट भईरहन्थ्यो। त्यती बेला निजले मलाई अनौपचारिक रुपमा मेरो संस्थामा सहयोग गरेका थिएँ। पछि म लगायतका पदाधिकारीहरु मिली २०७२ सालतिर हिमालयन सामुदायिक संस्था खोल्यौं। सो संस्था खोलेपछि उल्लिखित प्रतिवादी हाम्रो संस्थालाई अनौपचारीक रुपमा सल्लाहकारको भूमिका निर्वाह गर्ने गर्दथ्यो। मैले सञ्चालन गरेको द लप्सी रिसोर्टमा उल्लिखित प्रतिवादीको कुनै लगानी छैन र मेरो रिसोर्टमा उल्लिखित प्रतिवादी कहिलेकाँही आईरहन्थे। म निजको घरमा जाँदाखेरी निजको घरमा पीडित नाम परिवर्तित काठमाडौं २६ सि.आई.बि.२९४ ऊ सङ्गै देखिन्थ्यो। उक्त घरमा विदेशीहरु पनि Air B & B बाट अनलाईन बुकिङ गरेपछि मानिसहरु भाडा तिरेर बस्ने आउँछन। उल्लिखित घरमा शेरबहादुर तमाङ र जाहेरवाला नाम परिवर्तित काठमाडौं २६ सि.आई.बि.२९६ सेक्युरिटी र मालीको काम गर्छन् भने शंकर बस्ताकोटी सो घरमा म्यानेजरको काम गर्छन्। म घरमा जाँदा नाम परिवर्तित काठमाडौं २६ सि.आई.वि.२९६ र निजको छोरा नाम काठमाडौं २६ सि.आई.वि.२९४ घरमा हुन्थें। उल्लिखित प्रतिवादीले पीडित लगायतका धेरै बच्चाहरुलाई सहयोग गरेर बच्चाहरु तथा निजको परिवारको नजिक रहेका छन्। मलाई मिति २०७४।१२।२४ गते प्रहरीले उल्लिखित प्रतिवादीलाई पक्राउ गरेपछि निजले पीडितहरुलाई बालयौन दुराचार गरेको सम्बन्धमा शंकर बस्ताकोटीले भने पछि थाहा हुन आयो। निजले के कुन मौका छोपेर त्यस्तो कार्य गर्दथे मैले देखिन। यसरी यस्ता नाबालकहरुलाई बालयौन दुराचारको कार्य गर्ने उल्लिखित प्रतिवादीलाई कानून बमोजिम कारबाही हुनु पर्छ भन्ने बेहोराको प्रबिण गौतमको घटना विवरण कागज।

११. प्रतिवादी क्यानाडियन नागरिक वर्ष ६० को PETER JOHN DALGLISH राहदानी नं. HM ५०१४६६ लाई मैले सन् २००५ तिर चिनेको थिएँ। त्यसबेला म काठमाडौं बौद्धको श्री मंगल दिप माध्यमिक विद्यालयमा कक्षा १ मा पढ्थें। त्यसबेला उल्लिखित प्रतिवादी म पढ्ने स्कुलमा आई लिडरसिप क्लास सञ्चालन गर्दथे। म त्यसबेला सानै

थिएँ। त्यसबेला उल्लिखित प्रतिवादी ललितपुर जिल्लाको सानेपा भन्ने ठाउँमा घर भाडामा लिएर बसेका थिएँ। उल्लिखित प्रतिवादीले म लगायत ३ जना केटा र २ जना केटीहरुलाई सानै देखि गितार, पियानो, झोला, बुक लगायतका सामानहरु किनेर हामीहरुलाई कहिलेकाँही सानेपा स्थित आफ्नो घरमा लिएर जान्थे। सानै बेला देखि हामीहरुलाई उल्लिखित प्रतिवादीले आफ्नो घरमा लिएर जान्थे। त्यसको केही समयपछि उल्लिखित प्रतिवादी अफनानिस्थान गए र बीचमा प्रायः नेपाल आईरहन्थे। त्यसबेला नेपाल आउँदा हामीहरुलाई लुगा कपडा लगायतका सामान किनेर ल्याईदिन्थे र हामीलाई बोलाएर आफ्नो घरमा लिएर जान्थे र हामीलाई राती आफ्नै घरमा सुताउँथे। उल्लिखित प्रतिवादीले हामीहरुलाई लुगा खोलेर नाङ्गो बनाई छुट्टाछुटै नुहाई दिन्थे। जिउमा नुहाएर तेल लगाई दिने काम पनि गर्दथे। त्यहाँ बस्ने क्रममा हामी राति सुतेको बेलामा आएर हामी सुतेका छौ कि छैनौ भनी हामीलाई शरीर छाम छुम गर्थे। मलाई उल्लिखित प्रतिवादीले नुहाउँदा खेरी र जिउमा तेल ल्याउँदा खेरी एकदमै असहज हुन्थ्यो। त्यसबेला प्रतिवादीले सबै जनालाई छुट्टा छुट्टै नुहाउने र तेल लाउने काम गर्दथे। मेरो शरीरमा तेल लाउँदा खेरी मेरो लिङ्ग र गुद्वारमा पनि तेल लाउन खोज्दा मलाई असहज भई मैले हातले हटाउँथे। त्यसको केही समयपछि उल्लिखित प्रतिवादी नगरकोटमा बसोबास गरे र पछि म ठूलो हुँदै गएँ र उल्लिखित प्रतिवादीले सानो केटाकेटीहरुलाई बढी माया गर्छन् र ठूलो भएपछि खासै वास्ता गर्दैनन्। त्यसैले पछि उल्लिखित प्रतिवादी मसँग टाढा टाढा हुँदै गए। अरु साथीहरु पनि विदेशतिर गईहाले। निज हाल बसोबास गरीरहेको घरमा शेरबहादुर तामाङ र जाहेरवाला नाम परिवर्तित काठमाडौं २६ सि.आई.बि.२९६ सेक्युरिटी र मालीको काम गर्छन भने शंकर बस्ताकोटी सो घरमा म्यानेजरको काम गर्छन। म कहिलेकाँही उल्लिखित प्रतिवादीको घरमा जाँदा नाम परिवर्तित काठमाडौं २६ सि.आई.वि.२९६ र निजको छोरा नाम काठमाडौं २६ सि.आई.वि.२९४ घरमा हुन्थें। उल्लिखित प्रतिवादीले मसँग कहिलैपनि फोनमा कुरा गरेनन्। मलाई मिति २०७४।१२।२४ गते प्रहरीले उल्लिखित प्रतिवादीलाई पक्राउ गरेपछि निजले पीडितहरुलाई बालयौन दुराचार गरेको सम्बन्धमा शंकर बस्ताकोटीले भनेपछि थाहा हुन आयो। यसरी यस्ता नाबालकहरुलाई

बालयौन दुराचारको कार्य गर्ने उल्लिखित प्रतिवादीलाई कानून बमोजिम कारबाही हुनु पर्छ भन्ने बेहोराको नवाङ फिङजो तामाङको घटना विवरण कागज।

१२. मिति २०७५/०१/०५ गते जिल्ला काभ्रेपलाञ्चोक मण्डन देउपुर नगरपालिका वडा नं.१ स्थित चिरीकाजी महर्जनको जग्गा भाडामा लिई घर बनाई बसेका विदेशी नागरिक राहदानी नं. HM ५०१४६६ को बाहक PETER JOHN DALGLISH को कोठाबाट Sleep Spray, दाग लागेको टिसर्ट, विभिन्न मुलुकहरुका बच्चाहरुको नग्न तथा अर्धनग्न तश्बिरहरु समेत बरामद भएको भन्ने समेत बेहोराको मिति २०७५।०१।०५ गतेको बरामदी खानतलासी मुचुल्का।

१३. नाम परिवर्तन काठमाडौं २६ सि.आई.बि. २९४ को स्वास्थ्य परीक्षण गर्दा There are no injuries over the body, The age of the victim is 14 to 15 years at the time of examination भन्ने समेत बेहोराको Department of Forensic Medicine महाराजगञ्जको परीक्षण रिपोर्ट ।

१४. नाम परिवर्तन काठमाडौं २६ सि.आई.बि. २९५ को स्वास्थ्य परीक्षण गर्दा There are no sign of injury, The age of the victim is in between 9 to 11 years of age भन्ने समेत बेहोराको Department of Forensic Medicine महाराजगञ्जको परीक्षण रिपोर्ट।

१५. There are no fresh injuries over the body, The person has Barrett esophagus समेत बेहोराको Department of Forensic Medicine महाराजगञ्जबाट प्राप्त प्रतिवादीको स्वास्थ्य परीक्षण रिपोर्ट ।

१६. प्रहरीले मेरो घरबाट मिति २०७५/०१/०५ गतेको बरामदी मुचुल्कामा उल्लिखित sleep spray लगायतको सामान अरुको पनि हुन सक्छ र मेरो पनि हुन सक्छ। मेरो घर कोठामा online बुकिङ गरेर अमेरिकन नागरिक Dr.Bethy र उस्को साथी आएका थिएँ। सायद त्यो Sleep Spray उनको हुन सक्छ। यसमा मलाई चिरिकाजी महर्जनले भेट्न आएको बेला मलाई भनेअनुसार म पक्राउ परेको दुई वा तीन दिन पछि उक्त मानिसहरु मेरो घरमा लगभग ६ दिनको लागि आई बसेका थिएँ। शंकर बस्ताकोटीले निजहरुलाई बस्ने अनुमति दिएका थिएँ किनकी यस सम्वन्धी व्यवस्थापन शंकर बस्ताकोटीले नै गर्दथे। बरामद गरीएका फोटोहरु केही मेरो छोरीको हुन भने अरु

कसको हुन मलाई थाहा भएन भन्ने समेत बेहोराको प्रतिवादी PETER JOHN DALGLISH को ततिम्बा बयान।

१७. मिति २०७५/०१/०५ गतेको बरामदी तथा खानतलाशी मुचुल्कामा उल्लेख भएका बरामदी सामानहरु उल्लिखित प्रतिवादी सुत्ने कोठाबाट नै मेरो सामुन्ने प्रहरीद्वारा उल्लिखित प्रतिवादीको रोहबरमा रितपूर्वक नै बरामद भएका हुन्। उल्लिखित बरामदी सामानहरु उल्लिखित प्रतिवादीको नै हुन्। Air B & B बाट अनलाईन बुकिङ गरेर अमेरिकन नागरिक Dr.Bethy र उसको श्रीमान् उल्लिखित प्रतिवादी पक्राउ भएको केही दिनपछि उक्त घरमा भाडामा बस्न आएका थिएँ र ऊनीहरुसँग उल्लिखित प्रतिवादीले पक्राउ हुनु भन्दा पहिला नै कुराकानी गरी सकेकोले पछि उक्त घरमा बस्न आएका थिएँ। उनीहरु ४ दिन बसेर त्यहाँबाट गएका थिएँ। उक्त प्रतिवादीको घरमा धेरै मानिसहरु बुकिङ गरेर बस्न आउने गर्दछन्। उल्लिखित प्रतिवादीको घरमा बस्ने अनुमति उल्लिखित प्रतिवादीले नै दिने गर्दथे। यस सम्बन्धि मैले अन्य कुरा यस सम्बन्धी अगाडि नै भनी सकेको छु। प्रतिवादीलाई कानून बमोजिम कारबाही हुनु पर्छ भन्ने बेहोराको शंकर बस्ताकोटीको पुनः गरेको घटना विवरण कागज।

१८. प्रतिवादी क्यानाडियन नागरिक PETER JOHN DALGLISH ले आफू बस्ने जिल्ला काभ्रेपलाञ्चोक मण्डन देउपुर नगरपालिका वडा नं.१ स्थित चिरीकाजी महर्जनको जग्गामा बनाएको घरमा पीडित वर्ष १४ को परिवर्तित नाम काठमाडौं २६ सि.आई.वि. २९४ र वर्ष १२ को परिवर्तित नाम काठमाडौं २६ सि.आई.वि. २९५ लाई विभिन्न प्रलोभनमा पारी निजहरुको गोप्य अङ्ग (यौनाङ्ग) खेलाइदिने, हल्लाइदिने, यौनाङ्ग चुस्ने, गुद्द्वारमा औंला छिराउने कार्य गरी बालयौन दुराचार (Pedophile) को कसूर गरेको पुष्टि हुन आएको हुँदा निजको उक्त कार्य मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ९क. नं. बमोजिमको कसूर भएकोले निज प्रतिवादी क्यानाडियन नागरिक PETER JOHN DALGLISH लाई सोही मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३ नं. को देहाय (२) बमोजिम सजाय भई ऐ. ९क. नं. बमोजिम थप सजाय हुन र सोही ९क. नं. बमोजिम प्रतिवादीबाट पीडितहरुलाई क्षतिपूर्ति दिलाई भराइ पाउन मागदावी लिई पेस भएको अभियोगपत्र।

१९. सन् १९९६ मा मेरो विवाह भएको हो। हाल मेरो परिवारमा म र छोरी गरी २ जना छौं। श्रीमतीसँग डिभोर्स भैसकेको छ। उत्तर अमेरीका र युरोपमा बालअबस्था पार गरीसकेपछि सुत्ने बेलामा कसैले पनि पूरा कपडा लगाउँदैनन्। त्यति बेला म नग्न अबस्थामा थिईन। म कट्टु लगाएको अबस्थामा सि.आई.बि. अनुसन्धान भएको हो। मेरो साथमा रहेको बालकको शरीरमा पनि काँधदेखि घुँडासम्म छोपिने गरी कपडा लगाएको अबस्था रहेको थियो। तल्लो तलामा रहेको बालक पनि मेरो जानकारीमा रहेसम्म कपडा लगाएकै अबस्थामा हुनुपर्छ। मेरो छोरी लगायत कुनै पनि बालबालिका मेरो घरमा पूर्ण नग्न अबस्थामा सुतेका छैनन। जब प्रहरी आए म भित्रबाट ढोका बन्द गरी भित्र सुतेको थिएँ। दुई जना अन्य बालबालिका आफ्नो कोठामा सुतिरहेका थिएँ। मैले कहिले पनि उल्लिखित बालबालिकासँग कुनै पनि प्रकारको यौन क्रियाकलापमा संलग्न रहेको छैन। पीडितहरु तथा निजका बुबा र काकाहरु मेरै घरमा रहेको हट सावर प्रयोग गर्दछन। मैले कहिले पनि कुनै पनि बालबालिकालाई नग्न अबस्थामा नुहाईदिएको छैन। म विरुद्ध ईर्ष्याले जाहेरी दरखास्त दिएको हुन सक्छ। मेरो घरमा व्यवस्थापकको रुपमा काम गर्ने शंकर बस्ताकोटीको बुबाको घर भूकम्प पश्चात भत्कियो। शंकर बस्ताकोटीको मातहतमा २ जना व्यक्तिहरु काम गर्दथे। मेरो उक्त घरमा शंकर बस्ताकोटीको परिवार पनि बस्दथे। वारदात दिन भन्दा अघिल्लो साँझ सि.आई.बि. २९५ मेरो घरमा आयो। ऊ मेरो घरमा आउँदा शंकर बस्ताकोटी मेरो घरमा थिएँ। सि.आई.बि. २९५ मेरो घरमा साँझ ५:०० बजे आएको थियो र राती कार्यालयको ढोका लगाएर एक्लै सुतेको हो र सो दिन उक्त बालक मेरो कार्यालयमा सोफामा सुतेको हो। मैले निजको यौनाङ्ग चुस्ने, खेलाउने कार्य गरेको छैन। उक्त बालक सुत्दा माथिबाट तलसम्म पूर्ण रुपमा छोप्ने पाईजामा लगाई आफ्नो ढोकाको भित्रबाट चुकुल लगाई सुतेको हो। मैले उक्त बालकसँग यौनाङ्ग चुस्ने, खेलाउने कार्य गरेको छैन। वारदातको दिन भन्दा ६ महिना अघि देखि उक्त बालक मेरो घरमा आएको थिएन। उक्त दिन मात्र आएको हो। मेरो घर ३ वर्ष अघि मात्र तयार भएको त्यसपछि मात्र म उक्त घरमा बस्न थालेको हुँ। सि.आई.बि. २९४ लाई मैले ५ वर्ष देखि उल्लिखित यौन दुराचार गरेको भनिएको बेहोरा झुठ्ठा हो। म उक्त घर तयार भएपछि उक्त घरमा बस्दै गरेको हो। त्यस पछि मात्र उक्त बालक मसँग बस्दै

आएको भए पनि मैले निजको यौनाङ्ग खेलाउने, चुस्ने, गुद्वारमा औंला छिराउने कार्य गरेको छैन। मेरो उपर लगाईएको आरोप झुठ्ठा हो भन्ने समेत बेहोराको प्रतिवादी PETER JOHN DALGLISH ले सुरु अदालतको ईजलास समक्ष गरेको बयान।

२०. प्रतिवादी PETER JOHN DALGLISH उपरको जाहेरवालाको किटानी जाहेरी दरखास्त, मौकामा पीडितले गरीदिएको कागजको बेहोरा, मौकामा बुझिएका मानिस नवाङ फिञ्जो तामाङ समेतले गरेको कागज, वारदातको दिन र समयमा प्रतिवादी नग्न अवस्थामा फेला परेको भन्ने समेत बेहोराको प्रहरी प्रतिवेदन, वारदातको दिन आफ्नो घरमा पीडितहरु बसेको सम्म तथ्यमा सावित रही प्रतिवादी PETER JOHN DALGLISH ले यस अदालत समक्ष गरेको बयान, बरामद भएका अर्धनग्न तस्विर आफ्नो कोठाबाट बरामद भएको तथा प्रस्तुत घटनामा संलग्न नरहे पनि आफूले १६-१८ वर्षको उमेरमा बालयौन दुराचार गर्ने गरेको सम्म सावित रही मौकामा गरेको बयान, प्रतिवादीका कोठाबाट बरामद भएका नग्न तथा अर्धनग्न तस्विरहरु समेतका मिसिल संलग्न तत्काल प्राप्त प्रमाण तथा कागजातबाट निज प्रतिवादी कसूरदार हुन भनी विश्वास गर्न सकिने मनासिव आधारहरु देखिएकाले पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल मुद्दा पुर्पक्षका निमित्त निज प्रतिवादी PETER JOHN DALGLISH लाई मुलुकी ऐन, अ.वं. ११८ नं. देहाय (३) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने सुरु अदालतको मिति २०७५/०१/२३ गतेको थुनछेक आदेश।

२१. मैले PETER JOHN DALGLISH लाई २ वर्ष अघि देखि चिनेको हो। प्रतिवादी PETER JOHN DALGLISH ले उहाँकै घरमा बेलुका खाना खाएपछि मलाई नुहाई दिनु भयो। नुहाएपछि मलाई उहाँले लगाउने माथिको लुगा लगाई दिनु भयो। शरीरको तल्लो भागमा केही पनि लगाईदिनु भएन। म खाटमा बसिरहेको थिएँ, म सुतिरहेको खाटमा प्रतिवादी PETER JOHN DALGLISH आएर अल्लि पर सर भन्नुभयो। अनि निज प्रतिवादी मसङ्गै बस्नु भयो। सङ्गै एउटै खाटमा बसेर मेरो पिसाब गर्ने ठाउँमा हातले चलाई दिनु भयो। म चुप लागेर बसिरहें। १५-२० मिनेट जति निज प्रतिवादी PETER JOHN DALGLISH ले मेरो पिसाब गर्ने यौनाङ्ग चलाई रहनु भयो। मैले निन्द्रा लाग्यो भनेपछि १० मिनेट पर्ख फिल्म हेरेर सुतौंला भनेपछि English film हेरेको हो। फिल्म हेरेपछि म आफ्नो कोठामा गएर सुतें। निज प्रतिवादी PETER JOHN DALGLISH पनि आफ्नो

कोठामा गएर सुत्नुभयो त्यही कोठाको अर्को खाटमा बसेको परिर्वतित नाम काठमाडौं २६ सि.आई.बि.२९४ समेत भएर फिल्म हेरेको हो। मेरो पिसाब गर्ने अङ्ग प्रतिवादी PETER JOHN DALGLISH ले चलाउँदा अर्को साथी सँगैको अर्को खाटमा बसेका परिवर्तित नाम काठमाडौं २६ सि.आई.बि २९४ ले देख्यो वा देखेन भन्ने मलाई थाहा भएन। सो दिनमा मेरो मात्र पिसाब गर्ने अङ्गमा निज प्रतिवादीले चलाउनु भएको हो। अर्को साथी परिवर्तित नाम काठमाडौं २६ सि.आई. बि.२९४ को पिसाब गर्ने अङ्ग चलाउनु भएको छैन। प्रतिवादी PETER JOHN DALGLISH ले मेरो पिसाब गर्ने अङ्ग हातले चलाएर मात्र बस्नु भएको हो। म PETER को घरमा आफैं गएको हुँ। घटना घटेको दिन निज PETER को घरमा म तेस्रो पटक गएको थिएँ। म मेरो घरमा हजुराआमा र दिदीलाई सोधेर PETER को घरमा गएको थिएँ। उक्त दिन PETER ले रक्सी खाँदै मेरो यौनाङ्ग चलाएको हो भन्ने समेत बेहोराको पीडित परिवर्तित नाम सि.आई.बि २९५ ले सुरु अदालतमा गरेको बकपत्र।

२२. PETER JOHN DALGLISH को घरमा म ७ वर्षदेखि बस्दै आएको थिएँ। म करिब १० वर्षको हुँदा देखि नै प्रतिवादी PETER JOHN DALGLISH ले मेरो पिसाब गर्ने अङ्ग हल्लाई दिने, चुस्ने, पछाडिको गुद्वारमा औंला छिराउने काम गर्दै आएको थियो। प्रतिवादी PETER JOHN DALGLISH ले सधैं बेलुका बेलुका मेरो यौनाङ्ग हल्लाई दिने, चुस्दिने र पछाडिको गुद्वारमा औंला छिराउने काम गर्दै आउनु भएको थियो। प्रतिवादी PETER JOHN DALGLISH ले चुप लागेर बस भनेकोले निज प्रतिवादीले मेरो यौनाङ्ग चलाउने, खेलाउने, चुस्दिने गर्दा समेत म चुप लागेर बसेको थिएँ। सधैंभरी बेलुका मलाई पनि रक्सी खुवाउने र निज प्रतिवादी आफू समेत रक्सी खाने गर्नुहुन्थ्यो। रक्सी खाएपछि निज प्रतिवादी PETER JOHN DALGLISH ले यौन दुराचारका कार्य गर्नुहुन्थ्यो। राती म बेडमा एक्लै सुत्दा समेत निज प्रतिवादी PETER JOHN DALGLISH ले मेरो बेडमा आएर मेरो यौनाङ्ग खेलाई दिने, हल्लाई दिने, चुस्दिने कार्य गर्नुहुन्थ्यो। निज प्रतिवादीले मेरो यौनाङ्ग चलाएपछि मैले पनि निज प्रतिवादीको यौनाङ्ग हल्लाई दिने, चलाई दिने गर्नुपर्थ्यो। मैले लिङ्गबाट झरेको र प्रतिवादी PETER JOHN DALGLISH ले झारेको पदार्थ टि-सर्टले पुछने कार्य मैले गर्नुपर्थ्यो। सधैंभरी प्रतिवादी PETER JOHN DALGLISH मेरो यौनाङ्ग हल्लाई दिने, चलाई दिने गरेपछि मैले प्रतिवादीको लिङ्ग हल्लाई दिने गर्नुपर्थ्यो।

निज प्रतिवादी PETER JOHN DALGLISH को लिङ्ग चुस्नको लागि मेरो टाउको लैजान्थ्यो। अन्तिम पटक निज प्रतिवादी PETER JOHN DALGLISH ले उल्लिखित यौनाङ्ग खेलाउने, चलाउने कार्य गरेपछि भोलीपल्ट बिहान प्रहरी आईपुगेर प्रतिवादी PETER JOHN DALGLISH लाई पक्राउ गरेर लगेको हो। सधैंभरी मैले निज प्रतिवादी PETER JOHN DALGLISH को लिङ्ग चुस्दिने र हल्लाईदिने काम गर्दथें। प्रतिवादी PETER JOHN DALGLISH ले यौनाङ्ग चलाउने, खेलाउने, चुस्दिने जस्ता कार्य गरेको हुनाले मलाई प्रतिवादी PETER JOHN DALGLISH नराम्रो मान्छे लाग्छ। प्रतिवादी PETER JOHN DALGLISH ले मलाई बैङ्कक घुम्न लैजाने, ५ star होटलमा काम लगाईदिने भनेको हुँदा मैले उसले गरेको यौन दुराचारको कार्यहरु कोही कसैलाई नभनेको हुँ भन्ने समेत बेहोराको पीडित परिवर्तित नाम सि.आई.बि २९४ ले सुरु अदालतमा गरेको बकपत्र।

२३. मिति २०७४/१२/२४ गते मलाई फोन आयो। फोनमा मेरो छोरा सहित प्रतिवादी PETER JOHN DALGLISH लाई प्रहरीले पक्राउ गरी लगेको भनी सुनें। त्यसपछि मैले शंकर बस्ताकोटीको मोबाईल नं. पत्ता लगाई फोन गरें। किन मेरो छोरालाई प्रहरीले पक्राउ गरी लग्यो भनी सोध्दा मलाई त्यति थाहा छैन भनी भनेपछि प्रस्तुत मुद्दाका अर्का जाहेरवाला काठमाडौं २६ सि.आई.बि. २९६ लाई मैले मेरो छोरालाई प्रहरीले किन लगेको हो भनी फोनमा सोधें। निजले हाम्रो छोरालाई पक्राउ गरेको होईन PETER JOHN DALGLISH लाई पक्राउ गरेको हो। म पछि फोन गरौंला भनेर भने। त्यसपछि निज जाहेरवाला दाजुले मलाई बोलाएपछि सि.आई.बि. कार्यालय महाराजगंजमा गयौं। त्यहाँ जाँदा प्रहरीले मलाई PETER JOHN DALGLISH ले मेरो छोराको यौनाङ्ग खेलाउने, चुस्ने, नुहाई दिने, निलो चलचित्र जस्तो भिडियो बनाउने गरेको थियो भनी खुलाई दिनुभयो। मेरो छोरा उसको साथीसँग कहिलेकाहिँ PETER JOHN DALGLISH को घरमा नुहाउन भनी जाने गर्थ्यो। तर PETER JOHN DALGLISH ले उल्लिखित बालयौन दुराचारको कार्य गरेको भन्ने सम्बन्धमा मलाई केही थाहा थिएन। प्रहरीले मलाई भनेपछि उल्लिखित बालयौन दुराचार गरेको थाहा पाई मैले जाहेरी दरखास्त दिएको हुँ। त्यसपछि मैले आफ्नो छोरालाई PETER JOHN DALGLISH ले तिमीलाई के-के गऱ्यो भनी सोध्दा मेरो छोराले PETER JOHN DALGLISH ले आफूलाई नुहाईदिने, यौनाङ्ग खेलाउने, चुसिदिने गरेको थियो भनी भन्यो। त्यसपछि मैले यौनाङ्ग

खेलाउदा आकार वृद्धि भयो/भएन भनी सोध्दा ठूलो भएको थियो भनी भनेको थियो। मिति २०७४/१२/२३ गते मेरो छोरा PETER JOHN DALGLISH को घरमा नुहाउन गएको बखत उल्लिखित बेहोराको बालयौन दुराचारको कार्य PETER JOHN DALGLISH ले गरेको रहेछ। त्यस अघि PETER JOHN DALGLISH ले मेरो छोरालाई बालयौन दुराचार गरेको थिएन। २०७४/१२/२३ गते मात्र उल्लिखित बालयौन दुराचार गरेको हो। मेरो छोराको उमेर १२ वर्ष भयो। मेरो छोरा बिदा भयो भने मामाघर आउँछ। ऊ PETER JOHN DALGLISH को घरमा सुत्न गएको पहिलो पटक थाहा पाएको हुँ भन्ने समेत बेहोराको जाहेरवाला नाम परिवर्तित काठमाडौं २६ सि.आई.बी. २९७ ले सुरु अदालतमा गरेको बकपत्र।

२४. अन्तिम पटक घटना घटेको दिनको भोलिपल्ट बिहान सि.आई.बि. प्रहरी PETER को घरमा आएपछि प्रहरीले मलाई जानकारी गराएको हुँदा घटना थाहा पाएँ। म PETER को घरमा बिगत ५ वर्षदेखि फूलहरु गोड्ने, घर सफा गर्ने, घाँस उखल्ने काम गर्दै आएको थिएँ। मासिक १४,०००/- (चौध हजार) पारिश्रमिकमा मैले उक्त काम गर्दै आएको थिएँ। मेरो छोरो करिब ५ वर्ष अघि देखि नै कहिलेकाँही PETER को घरमा जान्थ्यो। PETER को घरमा नुहाउन, T.V.हेर्न भनी जाने गर्थ्यो। PETER ले मेरो छोराको लिङ्ग चलाउने, खेलाउने गरेको भन्ने कुरा मलाई मेरो छोराले पहिले कहिल्यै भनेको थिएन। घटना घटेको भोलिपल्ट बिहान सि.आई.बि. प्रहरीले आएर मलाई जानकारी गराएपछि घटनाको बारेमा थाहा पाएँ। प्रहरीले भनेअनुसार PETER ले बालकहरुको लिङ्ग चलाईदिने, नाङ्गै पारिदिने गरेको हुँदा निज PETER लाई पक्राउ गर्न आएको हुँ भन्नु भयो। मेरो छोरालाई गुद्वारमा PETER ले उसको लिङ्ग छिराउने गरेको भन्ने कुरा पछि छोराले मलाई बताएपछि थाहा पाएँ। प्रहरीसँग सो जानकारी पाएपछि मैले मेरो छोरालाई सोधपुछ गरें। मैले छोरालाई सोधनी हुँदा PETER ले मेरो छोराको लिङ्ग चुस्ने, गुद्वारमा PETER को लिङ्ग छिराउने गरेको भनेर मेरो छोरोले मलाई भन्यो। मलाई मेरो छोराले भनेको यही हो। यही घटनाको तथ्य मैले थाहा पाएपछि मैले प्रतिवादी PETER उपर बालयौन दुराचार गरेकोमा केन्द्रीय अनुसन्धान ब्यूरोमा जाहेरी दरखास्त दिएको हुँ भन्ने समेत बेहोराको जाहेरवाला नाम परिवर्तित काठमाडौं २६ सि. आई.बी. २९६ ले सुरु अदालतमा गरेको बकपत्र।

२५. सि.आई.बि.ले मलाई बोलाएपछि म अफिसमा गएँ। उनीहरुले बताए अनुसार PETER ले बालबालिकालाई यौन दुराचार गर्दोरहेछ। विदेश पठाईदिन्छु, राम्रो स्कूलमा पढाईदिने भनी प्रलोभनमा पारी बालयौन दुराचार गर्ने गरेको कुरा उहाँहरुले मलाई बताउनु भएपछि मैले घटनाको बारेमा थाहा पाएको हुँ। म PETER को घरमा कहिलेकाँही मात्र जाने भएकोले को-को गाउँले तथा बच्चाहरु आउँथे भनेर मलाई थाहा भएन। गाउँका मानिस र बच्चाहरु त्यहाँ तातोपानी भएको र वासिङ मेसिन भएकोले नुहाउन, लुगा धुन जान्छन भन्ने सुनेको मात्र हुँ। PETER ले बालबालिकालाई माया गर्ने, सहयोग गर्ने, शिक्षा स्वास्थ्यमा पनि आर्थिक सहयोग गर्ने तथा PETER ले बालबालिकाको हक हितको लागि कार्य गर्ने भएकोले बालबालिकालाई यौन दुराचार गरेको जस्तो लाग्दैन। उहाँ समाजसेवी मान्छे भएकोले पनि त्यस्तो कार्य गरे जस्तो लाग्दैन। मलाई मुटुको रोग लागेर बिरामी पर्दा PETER ले आर्थिक सहयोग गरी मेरो ज्यान बचाई दिएका हुन्। त्यसैले पनि PETER दोषी हो जस्तो लाग्दैन भन्ने समेत बेहोराको बुझिएका मानिस चिरीकाजी महर्जनले सुरु अदालतमा गरेको बकपत्र।

२६. मिति २०७४/१२/२३ गते साँझ ७:०० बजे सम्म म PETER बस्ने घरमा थिएँ। त्यतिबेला सम्म त्यो घरमा २ जना बच्चा र PETER थियो। त्यसपछि म आफ्नो घर फर्किएँ। म फर्केपछि PETER ले के गऱ्यो मलाई थाहा भएन। उक्त घरमा मैले सि.आई.बि. २९५ लाई पहिलो पटक देखेको हुँ। त्यस अघि कहिलेकाँहि सि.आई.बि. २९४ लाई देख्थैं। उक्त घरमा २/३ महिनामा PETER आउने गर्दथ्यो। मैले कहिल्यै पनि कुनै बालकलाई PETER ले बालयौन दुराचार गरेको सुनेको थिएन। मिति २०७४/१२/२४ को दिन बिहान मलाई सि.आई.बी. २९६ ले फोन गरेपछि म PETER को घरमा जाँदा PETER अर्धनग्न अवस्थामा देखिन। सबै अवस्था सामान्य थियो भन्ने समेत बेहोराको बुझिएका मानिस शंकर प्र. बस्ताकोटीले सुरु अदालतमा गरेको बकपत्र।

२७. मिति २०७४/१२/२४ भएको संकेत मानिस पक्राउ तथा पीडितको उद्धार गरी पेस गरिएको प्रतिवेदनको बेहोरा र सहीछाप मेरो हो। हामी विशेष सूचनाको आधारमा त्यहाँ पुग्दा उक्त घरमा २ जना बच्चाहरु अर्धनग्न अवस्थामा थिएँ। PETER JOHN DALGLISH पूर्ण नग्न अवस्थामा थिएँ। मौकामा सोधपुछ गरी रीतपूर्वक सम्पूर्ण काम

कारवाही गरी प्रतिवादी PETER JOHN DALGLISH लाई पक्राउ गरियो। तत्पश्चात पीडित परिवर्तित नाम काठमाडौं २६ सि.आई.बि. २९४ र पीडित परिवर्तित नाम काठमाडौं २६ सि.आई.बि. २९५ लाई साथी भन्ने संस्थालाई जिम्मा लगाईयो। हामीले PETER JOHN DALGLISH लाई गोप्य सूचनाको आधारमा पक्राउ गरेका हौं। पीडित व्यक्तिहरु अति नै निम्न गरीब वर्गका पीडित भएको र कसैको गरिबी र बाध्यताको गलत फाईदा उठाई विदेशी र धनि भएको आडमा यस्ता किसिमका अपराधहरु गर्नेलाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलमा व्यवस्था भए बमोजिम कडा कारवाही होस भन्ने समेत बेहोराको प्रतिवेदक प्र.नि. कञ्चन तामाङले सुरु अदालतमा गरेको बकपत्र।

२८. मिति २०७४/१२/२४ मा म समेतले तयार गरेको बरामदी मुचुल्कामा भएको सहीछाप र बेहोरा म समेतको हो। उक्त स्थानमा बरामद भएका सामानहरुमा PETER JOHN DALGLISH को नामको राहदानी थान-२, UN द्वारा जारी राहदानी थान-१, सिल्भर कलरको हार्डड्राईभ थान-१, my passport लेखिएको हार्डड्राईभ थान-१, CD Disc लेखिएको चक्का थान -२, Go pro company कालो रङको camera थान-१, pendrive थान-६, MAC book सिल्भर कलरको ल्यपटप थान-१, sony कम्पनिको ल्यापटप चार्जर थान-१, iphone कालो कलरको थान-१, मेमोरी कार्ड, अर्धनग्न अबस्थाको बालक सहितको फोटो थान-१, रातो कलरको हाल्फ टि-सर्ट थान-१, wine को सेतो कलरको सिसाको बोतल थान-१ समेतका सामाग्रीहरु बरामद भएका हुन्। उल्लिखित सामानहरु PETER JOHN DALGLISH रहे बसेको निवास स्थानबाट बरामद गरिएको हो। मिति २०७४/१२/२४ गते काभ्रेपलाञ्चोक जिल्ला मण्डन देउपुर न.पा. वडा नं १ स्थित चिरिकाजी महर्जनको घरमा बिहान करिब ९:०० बजेको समयमा विशेष सूचनाको आधारमा म समेतको टोली रीतपूर्वक प्रवेश गरी हेर्दा उल्लिखित सामानहरु रीतपूर्वक बरामद गरिएका हुन्। उक्त स्थानबाट यौन दुराचारको काममा संलग्न क्यानाडियन नागरिक PETER JOHN DALGLISH र पीडित २ जना बालकहरु परिवर्तित नाम सि.आई.बि. २९४ र सि.आई.बि. २९५ समेतलाई नियन्त्रणमा लिईएको हो। वाईनको बोतल परिवर्तित नाम सि.आई.बि. २९४ सुतेको कोठाबाट बरामद गरिएको हो। PETER JOHN DALGLISH र अर्को १ जना अर्धनग्न अबस्थामा रहेको बालक समेत रहेको फोटो थान-१ PETER JOHN DALGLISH को कोठाबाट बरामद गरिएको हो। मेरो

नेतृत्वको टोली PETER JOHN DALGLISH को बसोबास गरेको घरमा प्रवेश गर्दा पीडित २ जना बालकहरु र PETER JOHN DALGLISH मात्र थिएँ। पहिलो तलामा सि.आई.बि. २९४ सुतिरहेको अवस्थामा र दोस्रो तलामा पीडित सि.आई.बि. २९५ तथा PETER JOHN DALGLISH रहेको, पीडित सि.आई.बि. २९५ सोफामा अर्धनग्न अवस्थामा ठूलो मान्छेले लगाउने रातो कलरको टि-सर्ट शरीरको माथिल्लो भागमा लगाएको अवस्थामा थिएँ। PETER JOHN DALGLISH निजको बेडमा नाङ्गै अवस्थामा सुतिरहेको थियो। निज PETER JOHN DALGLISH एक्लै सुतिरहेका थिएँ। हामी प्रवेश गरी निजलाई निजको आफ्नो कपडा लगाउन भन्यौं। हामीले त्यहाँ किन गएको र को हो भनी परिचय दिई निजको समेत परिचय मागेको हो। हामीले स्थानीय मानिस तथा बालकका अभिभावकलाई खबर गरी बोलाएर अभिभावककै रोहवरमा पीडित बालकहरुसँग प्रारम्भिक सोधपुछ गरिएको हो। बालकहरुले भनेअनुसार ति मध्येका सि.आई.बि. २९४ ले भने अनुसार PETER JOHN DALGLISH ले निजलाई निजको यौनाङ्गमा चलाउने, चुस्ने जस्ता कार्यहरु गरेको भन्ने थाहा पायौं। सि.आई.बि. २९५ ले भने अनुसार मिति २०७४ १२/२३ गते राती अं. ८:४५ बजे बाथरुममा लगी PETER JOHN DALGLISH ले नुहाईदिएर निज सि.आई.बि. २९५ को यौनाङ्ग सुम्सुम्याउने, खेलाउने, चुस्ने कार्य गरेको भन्ने बुझिन आयो। त्यस पश्चात हामीले PETER JOHN DALGLISH लाई पक्राउ पुर्जी दिने, पीडित बालकहरुलाई उद्धार गरी रीतपूर्वक खानतलासी बरामदी मुचुल्का तयार गरिएको हो। बालकहरुलाई उद्धार गरी हामीले प्रहरी कार्यालयमा ल्याएर अभिभावकको सहमतिमा मनोवैज्ञानिक परामर्श र सहायताका लागि साथी संस्थालाई जिम्मा लगाएका हौं भन्ने समेत बेहोराको प्रतिवेदक प्र.ना.उ. श्री कवित कटुवालले सुरु अदालतमा गरेको बकपत्र।

२९. मिति २०७४/१२/२४ गतेको प्रहरी प्रतिवेदन म समेत भई तयार पारेको हो। वारदातको मिति र समयमा म समेत मिसिल संलग्न वारदातस्थल जिल्ला काभ्रे मण्डन देउपुर न.पा. वडा नं. १ स्थित खटिजाँदा क्यानाडियन नागरिक PETER JOHN DALGLISH बस्ने गरेको घरमा मुचुल्का तथा प्रतिवेदनमा उल्लिखित बेहोरा अनुसार PETER JOHN DALGLISH लाई फेला पारी बरामदी मुचुल्कामा उल्लिखित सामानहरु सहित निज प्रतिवादी PETER JOHN DALGLISH लाई पक्राउ गरी आवश्यक कारवाहीका

लागि पेस गरेका छौं। उल्लिखित मितिमा उल्लिखित वारदात स्थलमा खटिईजाँदा प्रतिवादी PETER JOHN DALGLISH पूर्ण नग्न अबस्थामा, पीडित सि.आई.बि. २९५ सङ्गैको कोठामा माथि भेष्ट लगाएको अवस्थामा अर्धनग्न अवस्थामा रहेको र अर्को पीडित सि.आई.बि. २९४ तल्लो तलाको कोठामा फेला परेका थिएँ। तत्काल सोधपुछ गर्दा सि.आई.बि. २९५ ले मिति २०७४/१२/२३ गते राती २०:४५ बजे प्रतिवादी PETER JOHN DALGLISH ले आफूलाई बालयौन दुराचारको कार्य गरेको भनी बताएका थिएँ। PETER JOHN DALGLISH बस्ने कोठाबाट बरामदी मुचुल्कामा उल्लिखित अर्धनग्न फोटोहरु समेतका सामाग्रीहरु बरामद भएको हो। प्रतिवादी PETER JOHN DALGLISH ले नाबालकहरुलाई विभिन्न अबस्थाका फोटो खिची प्रलोभन दिँदै लोभ्याउँदै बालयौन दुराचार गर्ने सन्दर्भमा मिसिल संलग्न फोटोहरु लिएको हुनुपर्छ भन्ने समेत बेहोराको प्रहरी प्रतिवेदक कृष्णनन्द जोशीले सुरु अदालतमा गरेको बकपत्र।

३०. घटना घटेको समयमा म काठमाडौंमा थिएँ। शंकर बस्ताकोटीले मलाई फोन गरेपछि घटनाको संबन्धमा मैले थाहा पाएको हुँ। निज शंकर बस्ताकोटीले भने अनुसार प्रहरीले PETER JOHN DALGLISH लाई पक्राउ गरेको भन्ने कुरा शंकर बस्ताकोटीले मलाई भन्नु भएको छैन। घटनाको भोलिपल्ट बेलुकातिर media मार्फत बालयौन दुराचारमा PETER JOHN DALGLISH लाई पक्राउ गरिएको भन्ने कुरा थाहा पाएको हुँ भन्ने समेत बेहोराको बुझिएका मानिस प्रविण गौतमले सुरु अदालत समक्ष गरेको बकपत्र।

३१. म ट्राभल एजेन्सीको काममा नगरकोटमा थिएँ। घटना भएको दिन बौद्ध हायात रिजेन्सीमा थिएँ। मलाई एक जना दाईले घटनाको बारेमा जानकारी दिनुभएको हो र मैले थाहा पाएको हुँ। PETER JOHN DALGLISH सँग मेरो सम्बन्ध राम्रो छ। उहाँ मेरो गार्जेन हो। मलाई राम्रो व्यवहार गर्नुहुन्थ्यो। सहयोगी भावनाको हुनुहुन्थ्यो। संगितमा अघि बढ्न प्रेरणा दिनुहुन्थ्यो र आर्थिक सहयोग पनि गर्नुहुन्थ्यो। पढ्नको लागि बाध्य बादनको सामानहरु किन्नको लागि आर्थिक सहयोग गर्नुहुन्थ्यो। PETER JOHN DALGLISH ले बालयौन दुराचारको कार्य गरेको जस्तो लाग्दैन भन्ने समेत बेहोराको बुझिएका मानिस नवाङ फिङ्जो तामाङले सुरु अदालतमा गरेको बकपत्र।

३२. बरामदी मुचुल्कामा उल्लिखित सामानहरु म समेतले मिति २०७४/१२/२४ गते ९:०० बजे PETER JOHN DALGLISH बस्ने घरबाट बरामद भएको ठीक हो। म समेतले उक्त प्रहरी प्रतिवेदन दिएको हो। प्रतिवादी PETER JOHN DALGLISH को घरमा बरामद गरी पक्राउ गरी आवश्यक कारवाहीको लागि उक्त प्रहरी प्रतिवेदन केन्द्रीय प्रहरी प्रधान कार्यालय अनुसन्धान ब्यूरोमा पेस गरेको हो भन्ने समेत बेहोराको प्रहरी प्रतिवेदक युवराज खतिवडाले सुरु अदालतमा गरेको बकपत्र।

३३. प्रस्तुत मुद्दामा PETER JOHN DALGLISH को घर कोठाबाट फेला परेको Mobile तथा Laptop, Hard disk मैले परीक्षण गरेको हो। Laptop मा भएको data निकाल्न सकिएन। किनभने Thunder Bolt Cable हामीसँग उपलब्ध नभएको हुँदा निकाल्न नसकिएको हो। My passport Ultra लेखिएको Hard disk मा भित्र भएको कुराहरु फेला नपरेको देखियो। Maxtor made in China & Korea लेखिएको खैरो रंगको Hard drive लाई System ले detect नगरेको देखियो। Iphone IMEI No. ३५६७०९०८८३८६२७८ भएको कालो रङको मोवाईलबाट परीक्षणको क्रममा प्राप्त भएको विवरण DVD संलग्न गरी पठाईएको छ। मैले परीक्षण गरेको Device हरुमा बालबालिका र PETER JOHN DALGLISH भएको कुनै प्रकारको यौनजन्य videos तथा photos हरु भेटेको छैन। कुनै किसिमको अस्लिल किसिमको videos तथा photos हरु थिएनन् भन्ने समेत बेहोराको प्र.ना.उ. श्याम कुमार मण्डलले सुरु अदालतमा गरेको बकपत्र।

३४. मिति २०७४/१२/२४ गते का.प.जी. मण्डन देउपुर न.पा. वडा नं. १ स्थित PETER JOHN DALGLISH बस्ने घरमा गरिएको बरामदी तथा खानतलासी मुचुल्कामा भएको बेहोरा र सहीछाप मेरो हो। खानतलासीका क्रममा के-के सामान बरामद भएको हो थाहा भएन। बरामद गर्ने क्रममा प्रहरीले झोलामा राखेको देखेको हो। झोलामा के-के सामान थियो थाहा भएन भन्ने समेत बेहोराको खानतलासी मुचुल्काका साक्षी ज्ञानु तामाङले सुरु अदालतमा गरेको बकपत्र।

३५. खानतलासी तथा बरामदी मुचुल्कामा भएको सहीछाप र बेहोरा मेरो हो। बरामद भएको सामान फोटोहरु र स्प्रेको बट्टा थियो। फोटोहरु अं. १५/१५ वटा जति र स्प्रे

१ वटा थियो भन्ने समेत बेहोराको खानतलासी मुचुल्काका साक्षी ज्योती वाईवाले सुरु अदालतमा गरेको बकपत्र।

३६. मिति २०७४/१२/२४ गते का.प.जि. मण्डन देउपुर न.पा. वडा नं. १ स्थित PETER JOHN DALGLISH बस्ने घरमा गरिएको बरामदि तथा खानतलासी मुचुल्कामा भएको बेहोरा र सहीछाप मेरो हो। उक्त स्थानमा खानतलासी गर्दा फोटोहरु र स्प्रेको बट्टाहरु बरामद गरेको देखेको हो। नग्न तस्विर भएको फोटोहरु थियो। मैले देखेको फोटोहरु पीडितहरुको नभई विदेशी नागरिकहरुको थियो। PETER JOHN DALGLISH र बालबालिका भएको नग्न अबस्थाको फोटोहरु थिएन भन्ने समेत बेहोराको खानतलासी मुचुल्काका साक्षी विजय तामाङले सुरु अदालतमा गरेको बकपत्र।

३७. मिति २०७५/०१/२० गतेको मिसिल संलग्न CD को परीक्षण प्रतिवेदन मैले सही गरी पठाएको हो। तर उक्त CD को परीक्षण गर्ने व्यक्ति म होईन। मिसिल संलग्न CD मा रहेका ४ वटा भिडियोहरु हामीले PETER JOHN DALGLISH को sony vio लेखिएको ल्यापटपबाट लिएका हौं। उक्त video हरुमा केहि बालकहरु निर्वस्त्र खोलामा चलिरहेका देखिन्थे र उक्त video लिनेलाई हात हल्लाई ईसारा गरेको पाईयो भन्ने समेत बेहोराको प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो पिलर ६ का प्रहरी निरीक्षक अनिल खड्काले सुरु अदालतमा गरेको बकपत्र।

३८. केन्द्रीय अनुसन्धान व्यूरो पिलर ६ बाट पेस भएको ४ वटा भिडियोहरु मेरो Sony Vio ल्यापटपबाट लिएको होईन। उक्त भिडियोहरु मैले खिचेको होईन। उक्त ल्यापटप म लगायत ५ जना म, बिक्रम महर्जन, ऋषी बस्ताकोटी, शंकर बस्ताकोटी र कृष्ण गुरुङ लगायत अन्य विदेशी विद्यार्थीहरुले विगत ३/४ वर्ष देखि जंगल house मा आएको बेलामा चलाउने गर्दथे। त्यहाँ भिडियो लिएको technique मेरो होईन। म semi-professional photographer हुँ। म मैले गरेको कामलाई चिन्दछु। ल्यापटपमा भएको भिडियो मेरो होईन भन्ने समेत बेहोराको प्रतिवादी PETER JOHN DALGLISH को सनाखत बयान।

३९. पीडित काठमाडौं २६ सि.आई.बि. २९५ को स्वास्थ्य परीक्षण म समेतले गरेको हो। शारीरिक अबस्था सामान्य नै थियो। मानसिक रुपमा Anxious थियो। पीडितको अण्डर

वेयरको अगाडिको भागमा पँहिलो भागको stain over (दाग) थियो। नाङ्गो आँखाले हेरेर भन्न नसकिने भएकाले परीक्षणको लागि नमुना संकलन गरी राखिएको हो। परीक्षण गर्दाको अवस्थामा पीडितको उमेर ९ देखि ११ वर्ष रहेको छ। उमेर परीक्षणको आधार हड्डीको एक्स-रे र दन्त परीक्षणबाट गरिएको हो। हामीले पीडित लाई मनोवैज्ञानिक डक्टरकोमा पठाएपछि मानसिक रुपमा Anxious रहेको थाहा भएको हो। पीडितको यौनाङ्ग चुस्ने, हल्लाउने, गुद्वारमा औंला छिराउने कार्यबाट पीडितको शरीरमा कुनै किसिमको चिन्ह वा घाउचोटपटक तथा रातोपना थिएन भन्ने समेत बेहोराको पीडित काठमाडौं २६ सि.आई.बि. २९५ को स्वास्थ्य परीक्षण गर्ने डा. केशव श्रेष्ठले सुरु अदालत समक्ष गरेको बकपत्र।

४०. पीडित काठमाडौं २६ सि.आई.बि. २९५ को स्वास्थ्य परीक्षण मैले गरेको हो। पीडितको स्वास्थ्य परीक्षण गर्दा शारीरिक अवस्था सामान्य रहेको देखिन्छ तर मानसिक रुपमा पीडित केही हद सम्म डराएको र आत्तिएको पाईएको छ। पीडितको अन्डर वेयरको अगाडिको भागमा देखिएको पँहिलो दाग निश्चित एउटा कारणले भएको भन्ने ठम्याउन नसकिएको हुँदा सो को परीक्षण गर्ने प्रयोगशाला पठाईएको हो र पीडितको उमेर हड्डीको एक्स-रे र दाँतको जाँचको आधारमा ९ देखि ११ वर्ष देखिएको छ। पीडितको यौनाङ्ग चुस्ने, हल्लाउने, गुद्वारमा औंला छिराउने कार्यबाट पीडितको शरीरमा कुनै किसिमको चिन्ह वा घाउचोटपटक तथा रातोपना थिएन भन्ने समेत बेहोराको पीडित काठमाडौं २६ सि.आई.बि. २९५ को स्वास्थ्य परीक्षण गर्ने डा. गणेश लामाले सुरु अदालत समक्ष गरेको बकपत्र।

४१. पीडित काठमाडौं २६ सि.आई.बि. २९४ को स्वास्थ्य परीक्षण मैले गरेको हुँ। निज पीडित सि.आई.बि. २९४ को शारीरिक परीक्षणको क्रममा बाहिरी चोटपटकहरु केही पनि देखिएको थिएन। निज पीडितको मानसिक अवस्था सामान्य थियो। निज पीडितको यौनाङ्गमा पनि कुनै चोटपटक थिएन। शरीरको कुनै पनि भागमा निल डामहरु, कोतरिएको घाउहरु देखिएको थिएन। निज पीडितको स्वास्थ्य परीक्षण गर्दा गुद्वारमा कुनै पनि किसिमको घाउचोट तथा निसानहरु थिएनन्। कुनै पनि औंला, यौनाङ्ग तथा कुनै पनि बस्तु छिराउने कार्य (penetration) लामो समयसम्म गर्दा त्यसको घर्षणले केही चोट तथा निसान देखिन सक्छ तर पछि (lubrication) (चिप्लोपदार्थ) चिजहरुको

सहायताले सानो वस्तुहरु छिराईएको छ भने नदेखिने पनि हुनसक्छ। त्यही lubrication राखेर धेरै पहिले यस्तो कार्य गरेको भए नदेखिन पनि सक्छ भन्ने समेत बेहोराको पीडित काठमाडौं २६ सि.आई.बि. २९४ को स्वास्थ्य परीक्षण गर्ने डा. देवेन्द्रमान पालिखेले सुरु अदालत समक्ष गरेको बकपत्र।

४२. जाहेरी दरखास्त एवम् जाहेरवालाको अदालतको बकपत्र, पीडितहरुको मौकाको कागज एवम् अदालतको बकपत्र, प्रतिवादीको मौकाको अनुसन्धान अधिकारीको र अदालतको बयान, दशीको सामानहरु, पीडितहरुको स्वास्थ्य परीक्षण प्रतिवेदन तथा सो परीक्षण प्रतिवेदन दिने चिकित्सकले गरेको बकपत्र, प्रहरी प्रतिवेदन तथा सो दिने प्रहरी कर्मचारीहरुको अदालतको बकपत्र समेतका मिसिल संलग्न प्रमाणहरुले प्रतिवादी PETER JOHN DALGLISH उपरको कसूर मालाकार रुपमा समर्थित भईरहेको पाईन्छ। उल्लिखित अबस्थामा र सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तहरु समेतबाट प्रतिवादी PETER JOHN DALGLISH ले पीडित वर्ष १४ को सि.आई. बि. २९४ र वर्ष १२ को सि.आई.बि. २९५ लाई विभिन्न प्रलोभनमा पारी सि.आई.बि. २९४ को यौनाङ्ग खेलाईदिने, हल्लाई दिने, चुस्ने समेतको कार्य गरी र सि.आई.बि. २९५ लाई निजको यौनाङ्ग खेलाई दिने समेतको कार्य गरी तत्कालिन मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ९क. नं. बमोजिम कसूर गरेको ठहर्छ। फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ को दफा ९ अनुसार प्रतिवादी PETER JOHN DALGLISH लाई सजायँ निर्धारण समेत सम्वन्धमा प्रस्तुत मुद्धामा छुट्टै सुनुवाई गर्नुपर्ने देखिँदा सो प्रयोजनको लागि मिति २०७६/०३/२३ को पेशी तोक्नु भन्ने मिति २०७६/०२/२७ मा सुरू काभ्रेपलान्चोक जिल्ला अदालतबाट भएको कसूर निर्धारण ठहर फैसला।

४३. प्रतिवादी PETER JOHN DALGLISH लाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ९क. नं. को कसूरमा पीडित परिवर्तित नाम सि.आई.बि. २९५ को उमेर वारदात मितिमा १२(बाह्र) वर्ष ५ महिनाको देखिँदा निज उपरको कसूरको सम्वन्धमा सोही महलको ३ नं. को देहाय (२) नं. बमोजिम अपराध गर्दाको गम्भीरता अनुसार आठ वर्ष ६ महिना कैद र सोमा थप ६ महिना कैद समेत भई जम्मा ९ वर्ष कैद हुने र पीडित परिवर्तित नाम सि.आई.बि. २९४ को उमेर वारदात मितिमा १४ वर्ष १० महिना भै निज

उपरको कसूरको सम्वन्धमा मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३ नं. को देहाय (३) नं. बमोजिम ६ वर्ष ६ महिना कैद र सो मा थप ६ महिना कैद गरी जम्मा ७ वर्ष कैद हुने ठहर्छ। सो ठहरे पनि प्रतिवादीले अपराध गर्दा प्रचलित मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. बमोजिम ठूलो कलमको मात्र कैद हुने हुँदा यी प्रतिवादी PETER JOHN DALGLISH लाई ठूलो कैद हद ९ (नौ) वर्ष मात्र कैद हुन्छ। प्रतिवादीको नेपाल स्थित काभ्रेपलाञ्चोक जिल्ला मण्डन देउपुर न.पा. वडा नं १ मा रहेको चिरीकाजी महर्जनको जग्गामा आफैंले घर बनाएर बसेको भन्ने देखिएको, प्रतिवादी UN को सिनियर एड्भाईजरबाट अवकास प्राप्त रहेको, निजको शैक्षिक योग्यता BA, LLB सम्मको भएको, प्रतिवादीले आफ्नो आर्थिक अवस्था राम्रो छ भनी बयान गरेको समेत पाईन्छ। यस स्थितिमा कानूनमा व्यवस्था भए बमोजिम पीडितहरुले पिडक प्रतिवादीबाट मनासिव माफिकको रकम क्षतिपूर्ती बापत पाउनुपर्ने देखिन्छ। वारदात वा अपराधको कारण पीडितहरुको सामाजिक, साँस्कृतिक सम्बन्धमा परेको प्रतिकुल प्रभाव, पीडितहरुले व्यहोर्नु परेको मानसिक क्षति, प्रतिवादीको आर्थिक र शैक्षिक स्तर, प्रतिवादीको पूर्व रोजगारीको अवस्था समेत आधारमा पीडित नाबालकहरु परिवर्तित नाम सि.आई.बि. २९४ र सि.आई.बि. २९५ लाई प्रतिवादीबाट जनही रु.५,००,०००/- (पाँच लाख) का दरले मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ९क. नं. बमोजिम क्षतिपूर्ती भराई दिने समेत ठहर्छ भन्ने काभ्रेपलान्चोक जिल्ला अदालतबाट मिति २०७६।३।२३ मा भएको सजाय निर्धारण ठहर फैसला।

४४. प्रतिवादी PETER JOHN DALGLISH ले पीडित बालकहरु उपर गरेको प्रकृतिको कसूर बापत हाल राज्यले कठोर दण्ड नीति अपनाई साविकको मुलुकी ऐनको जबर्जस्ती करणीको महलको ३(२) नं. र ९ क नं. ले व्यवस्था गरेको सजाय भन्दा बढी सजायको व्यवस्था गरेको छ। प्रतिवादी UN को Senior Advisor बाट अवकास प्राप्त BA-LLB सम्म अध्ययन गरेको शिक्षित व्यक्ति भएको, पीडितहरुका परिवारले प्रतिवादीलाई विश्वास गरी निजको संरक्षणमा रहने गरी पीडित बालकहरुलाई जिम्मा लगाएकोमा प्रतिवादीले सो विश्वासको दुरुपयोग गरी पीडित बालकहरु उपर अप्राकृतिक मैथुन समेतको कसूर गरेको तथा नाबालक पीडितहरु २ जना उपर एकै पटक पारी पटक पटक मानवता विरुद्धको कसूर गरेको भई मुलुकी अपराध संहिता,

२०७४ को दफा ३८(ग) (ठ) (ण) (प) र (व) अनुसारका कसूरको गम्भिरता बढाउने तत्वहरु विद्यमान रहेको छ। तसर्थ निज प्रतिवादीलाई मुलुकी ऐन जबर्जस्ती करणीको महलको ३(२) नं. ले व्यवस्था गरेको आठ देखि १२ वर्ष सम्म कैद सजाय अन्तर्गतको १२ वर्ष कैद तथा सोही महलको ९क. नं. अनुसार हुने थप सजाय १ वर्षसम्म कैद सजाय नै थप गरी अधिकतम हदको कैद सजाय अर्थात १३ कैद सजाय हुनुपर्नेमा सो भन्दा घटी ९ वर्ष कैद सजाय हुने गरी भएको सुरु अदालतको फैसला सो हदसम्म त्रुटिपूर्ण छ। प्रतिवादी PETER JOHN DALGLISH लाई ९ वर्ष मात्र कैद सजाय गरेको हदसम्म सुरु काभ्रेपलान्चोक जिल्ला अदालतको मिति २०७६।३।२३ को फैसला सो हदसम्म बदर गरी मुलुकी ऐन जबर्जस्ती करणीको महल ३ (२) र ९क. नं. अनुसार हुने उपल्लो हद अर्थात (१२ वर्ष+ १ वर्ष) कैद सजाय गरी पाऊँ भन्ने समेत बेहोराको वादी नेपाल सरकारले उच्च अदालत पाटनमा दायर गरेको पुनरावेदनपत्र।

४५. सि.आई.बी.ले आफूलाई प्राप्त नभएको क्षेत्राधिकार प्रयोग गरी बल मिच्याई गरी मेरो विरुद्ध यस झुठा मुद्दामा अनुसन्धान गरेका थिएँ। सामान्यतः यो मुद्दा तत्कालिन मुलुकी ऐन र सरकारी मुद्दा सम्वन्धी ऐन अनुसार सम्बन्धित जिल्ला प्रहरी कार्यालयको क्षेत्राधिकार भित्र पर्दछ। जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकको यस अपराधको अनुसन्धान गर्ने अधिकार क्षेत्र आकर्षित हुनु पर्ने हो। सि.आई.बी.ले मेरो उपर प्रचलित नेपाल कानूनलाई समेत चुनौती दिई झुठा मुद्दा लगाएको छ। सि.आई.बी.ले कुनै पनि अपराधमा अनुसन्धान थाल्नु अघि केन्द्रीय अनुसन्धान व्यूरो (स्थापना) र कार्य संचालन नियमावली, २०७० को नियम ६(क) बमोजिम नेपाल प्रहरीको महानिरीक्षकबाट अनुमति लिनु पर्ने हुन्छ। सि.आई.बी.ले अनुसन्धान गर्ने अनुमति लिन २०७४।१२।२४ मा मात्र प्रहरी महानिरीक्षकलाई लेखेको र प्रहरी महानिरीक्षकबाट २०७४।१२।२५ गते मात्र अनुमति दिने गरी तोक लगाएको देखिन्छ। मलाई पक्राउ गर्नु अघि नै अनुसन्धान सुरु गरेको जुन आफ्नै प्रतिवेदनमा लेखाएको छ। मलाई ०७४।१२।२४ मा पक्राउ गरेको, सोही मितिमा खानतलासी बरामदी गरेको, जाहेरी लिएको, पीडितको मौकाको कागज गर्ने लगायतका अनुसन्धानका महत्वपूर्ण कामहरु गरेको देखिन्छ। आफूलाई नपाएको अख्तियारी प्रयोग गरेको काम कारवाही

बदर भागी छ। यसरी फितलो आरोप जबर्जस्ती प्रमाणित गर्ने प्रयास अभियोजन गर्ने निकाय समेतबाट भएको छ। मुद्दाको तथ्य तथा प्रमाणको अभावमा मुद्दालाई जटिल बनाई प्रतिवादी विरुद्ध मुद्दा गरेको प्रष्ट देखिन्छ। प्रस्तुत वारदात फरक फरक मितिमा भएको भनी फरक फरक पीडित उपर यौनजन्य दुर्व्यवहार भएको दावी गरी स्वयम् अभियोजन गर्ने निकायले अभियोग दावीमा माग गरेको देखिँदा अलग अलग रुपमा अभियोजन गरी मुद्दा दायर गर्नु पर्नेमा सो नगरी एउटै वारदात जस्तो रुपमा बुझी अभियोगपत्र दायर भएको गैर कानूनी छ। (ने.का.प.२०७२ अंक ५ भाग ५७ नि.नं. ९३९९) यसरी फरक पीडित भएको माग दावी मुद्दामा एउटै घटना जस्तो गरी एउटै प्रमाण पेस गरी न्यायिक प्रकृया जटिल बनाउने प्रयासको दुरुत्साहन गरिएकोमा उक्त स्वच्छ अदालतको निर्देशन समेत अपनाइएको छैन। फैसलाले समेत फरक व्यक्ति माथि फरक मिति समयमा अपराधीक कार्य घटेको दावी लिंदा हर एक दावीको छुट्टै विवरण राखी, प्रमाण संकलन गरी छुट्टै तथ्य समेतको आधारमा अभियोग तथा दण्ड सजायको माग राख्नु पर्नेमा यसरी विभिन्न मितिमा फरक पीडितसँग यौनजन्य अपराध गरेको भन्ने दावी मात्रले अभियोग प्रमाणित नहुने र फरक मितिमा भएको अपराधलाई एउटै प्रमाणबाट पुष्टी नहुने भनी प्रष्ट गरेको अवस्था छ।

४६. मिति २०७५।१।१९ मा दायर अभियोगपत्रमा वादी पक्षले म पुनरावेदक प्रतिवादीका विरुद्धमा मुलुकी ऐन जबर्जस्ती करणीको महलको ९क. नं. बमोजिमको कसूरमा ऐ. महलको ३ नं. को देहाय (२) बमोजिमको सजाय ऐ. ९क. नं. बमोजिम थप सजाय हुन र ऐ. ९क. नं. बमोजिम प्रतिवादीबाट पीडितहरुलाई क्षतिपूर्ति दिलाई भराई पाऊँ भनी मागदावी लिएको पाइन्छ। मिति २०७६।३।२३ मा फैसला हुँदा उल्लिखित कानून खारेज भइसकेको र ऐ. कानूनलाई प्रतिस्थापन गरी मुलुकी अपराध संहिता, २०७४ लागू भई ऐ. को दफा २२५ मा बालयौन दुरुपयोग भन्ने दफाले प्रस्तावित अभियोगलाई समेट्ने भएकोमा नयाँ कानूनी व्यवस्था बमोजिम बढीमा ३ वर्ष मात्रको सजाय हुने व्यवस्था छ। फौजदारी कसूरमा सजाय निर्धारण गर्ने ऐन, २०७४ को दफा ५ अनुसार नयाँ कानून अनुसार सजाय घटी तोकिएकोमा नयाँ कानून अनुसारको सजाय तोक्नु पर्दछ भन्ने प्रष्ट कानूनी व्यवस्थालाई लत्याएर वादीले दावी नै नलिएको अप्राकृतिक मैथुनको अपराधमा सजाय गर्ने गरेको फैसला गैरकानूनी छ। वादी पक्षले

मुद्दा नै बालयौन दूराचार (पेडोफाएल) भनी उल्लेख गरेबाट प्रस्तुत मुद्दा "अप्राकृतिक मैथुन" को परिधि एवम् परिभाषा भित्र नपर्ने प्रष्ट छ। नयाँ कानून बमोजिम समेत मेरो कसूर कायम हुने सबूत प्रमाणको पूर्ण अभाव रहेको मेरो पुनरावेदन जिकिर यथावत प्रस्तुत गरेको छु। सुरु जिल्ला अदालतले मुद्दाको समग्र प्रमाणको मूल्याङ्कन गरी शंका रहित तवरले कसूर प्रमाणित गरी फैसला गर्नु पर्नेमा सि.आई.बि. प्रहरी र साथी नामक संस्थाले मिलेमतोमा बनावटी रुपमा निर्दोष बालकहरु र तिनीहरुको परिवारलाई धम्की र प्रलोभनमा पारी तयार गरिएको झुठो जाहेरी र बकपत्रलाई मात्र आधार मानी मलाई दोषी ठहर गरी दण्ड सजाय गर्ने गरेको सुरु फैसला बदर गरी फौजदारी न्यायको मान्य सिद्धान्त, सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजीर एवम् प्रचलित कानून बमोजिम प्रस्तुत पुनरावेदनको स्वच्छ सुनुवाई गरी झुठा अभियोग दावीबाट सफाई पाऊँ भन्ने समेत बेहोराको प्रतिवादी PETER JOHN DALGLISH ले उच्च अदालत पाटनमा दायर गरेको पुनरावेदनपत्र।

४७. यसमा सुरु काभ्रेपालाञ्चोक जिल्ला अदालतबाट मिति २०७६।०३।२३ मा फैसला हुँदा प्रतिवादी पिटर जोन डाल्गलिशलाई कैद र जरिवाना भएकोमा निज प्रतिवादीको र अभियोग माग दावी भन्दा कम सजाय भएकोमा वादी नेपाल सरकारले चित्त नबुझाई निजहरुका तर्फबाट दोहोरो पुनरावेदन परेको परिप्रेक्ष्यमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) को प्रयोजनार्थ प्रतिवादीको पुनरावेदन वादी नेपाल सरकारलाई र वादी नेपाल सरकारको पुनरावेदन प्रतिवादीलाई परस्पर सुनाई, आएपछि नियमानुसार गरी पेस गर्नु भन्ने उच्च अदालत पाटनबाट मिति २०७६।०९।०८ मा भएको आदेश।

४८. मौकाको प्रहरी प्रतिवेदन भै प्रतिवेदकले गरेको बकपत्र, जाहेरवालाहरूको किटानी जाहेरी भै सोही बेहोरालाई पुष्ट्याई हुने गरी निजहरूले अदालत समक्ष गरेको बकपत्र, पीडितहरूले यी प्रतिवादीले आरोपित कसूर गरेको भनी सिलसिलेवार रूपमा वारदात घटनाको विवरण समेत खुलाई गरेको मौकाको कागज बेहोरा बमोजिम नै अदालतमा उपस्थित भई गरेको बकपत्र, प्रतिवादीको अधिकार प्राप्त अधिकारी र अदालत समक्ष गरेको बयान, वारदात स्थलबाट तस्विर, भिडियो लगायतका सामान बरामद भएको भन्ने बरामदी मुचुल्का, वारदातको वखत वारदात स्थलमा खिचीएका भिडियो समेतका आधार

प्रमाणबाट यी प्रतिवादीले अभियोग दावी बमोजिम तत्कालिन मुलुकी ऐन जबर्जस्ती करणीको महलको ९क. नं. बमोजिमको कसूर गरेको पुष्टी हुन आएकोले निजलाई कसूर वारदात हुँदाको अबस्थामा तत्काल प्रचलित मुलुकी ऐन जबर्जस्ती करणीको महलको ३(२) र ३(३) नं.को कानूनी व्यवस्था अनुसार ८ (आठ) वर्ष मात्र कैद सजाय गरी प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति समेत दिलाई भराई दिने गरेको हदसम्मको सुरू अदालतको इन्साफ मिलेकै देखिँदा सदर हुने ठहर्छ। जबर्जस्ती करणीको महलको ९क. नं. बमोजिम थप १ वर्ष कैद सजाय गरेको सन्दर्भमा हेर्दा वारदात हुँदाको अबस्थामा उक्त कानूनी व्यवस्था रहे भएको भए पनि हाल मुलुकी ऐन खारेज भै मुलुकी अपराध संहिता, २०७४ लागू भएको परिप्रेक्षमा केही नेपाल कानूनलाई संसोधन एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)ख र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ अनुसार कुनै कानून अन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसूरका मुद्दामा सजाय गर्नू पर्दा सोही कानून बमोजिम नै गर्नू पर्ने तर फौजदारी कसूरको सजायमा मुलुकी अपराध संहितामा लेखिए भन्दा बढी वा घटी रहेछ भने साविक र हालको कानूनी व्यवस्थामा जुनले घटी सजाय गरेको छ सोही बमोजिम सजाय निर्धारण गर्नू पर्ने स्पष्ट छ। मुलुकी ऐन जबर्जस्ती करणीको ९.क को व्यवस्थालाई मुलुकी अपराध संहिता, २०७४ को दफा २२५ र २२६ तथा २१९ मा पुनरव्यवस्थीत गरिएको र उक्त दफामा उक्त जबर्जस्ती करणीको ९.क बमोजिम थप सजाय हुने व्यवस्था नभएको हुँदा उक्त बमोजिम थप १ वर्षको सजाय गर्न मिल्ने देखिएन। सो बमोजिम थप १ वर्ष सजाय गरेको हदसम्म सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट भएको फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहर्याई उच्च अदालत पाटनबाट मिति २०७६।१०।०९ मा भएको फैसला ।

४९. जाहेरी दरखास्त र अन्य कागजपत्रहरु CIB र साथी संस्थाको मिलेमतोमा तयार पारिएका हुन्। बालबालिकाको कल्याण क्षेत्रमा गरेको सकारात्मक कामलाई बेवास्ता गरिएको र साक्षीहरू प्रविण गौतम, शंकर बस्ताकोटी, चिरिकाजी महर्जन र नवांग फिञ्जो तामाङले आफूले कुनै अनुपयुक्त व्यवहार नगरेको भनी गरेको बकपत्रलाई समेत अदालतले प्रमाणमा लिएको छैन्। विदेशी नागरिक भएका कारण आफूलाई पर्याप्त

दोभाषे सुविधा नदिइएको र स्वच्छ सुनुवाईको अधिकारबाट वञ्चित गरिएको छ। खानतलासी र बरामदी मुचुल्का वैधानिक नभएको र बरामदी मुचुल्काका साक्षीहरूले समेत अदालतमा त्यसलाई समर्थन नगरेको देखिन्छ। DNA परीक्षण र स्वास्थ्य परीक्षण प्रतिवेदनले समेत आरोप पुष्टि नगरेको अवस्थामा पीडितहरूको एकआपसमा बाझिएको बकपत्रका आधारमा मात्र आफूलाई दोषी ठहर गरिएको छ। CIB लाई यो मुद्दाको अनुसन्धान गर्ने अधिकारक्षेत्र नै छैन्। प्रहरी महानिरीक्षकको अनुमति मिति २०७४/१२/२५ मा मात्र लिइएको तर आफूलाई त्यसअघि नै पक्राउ गरी अनुसन्धान गरिएको थियो। यो मुद्दा काभ्रेपलाञ्चोक जिल्ला प्रहरी कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भएकाले CIB को कारबाही नै अवैध रहेको छ। पीडित भनिएका सि.आई.बी. २९४ र सि.आई.बी. २९६ ले प्रहरीको दबाबमा आफूविरुद्ध आरोप लगाएको भनी पत्र पठाएको तथ्यलाई समेत बेवास्ता गरिएको छ। पीडित भनिएका सि.आई.बी. २९४ र सि.आई.बी. २९६ लाई पुनः झिकाई बकपत्र गराउन समेत अनुमति माग गरेका छन्। बरामदी मुचुल्काका साक्षी ज्ञानु तामाङले बरामद सामानको बारेमा आफूलाई केही थाहा नभएको भनी बकपत्र गरेको र स्थानीय जनप्रतिनिधिले समेत अदालतमा बकपत्र नगरेको अवस्थामा बरामदी मुचुल्कालाई प्रमाणमा लिन मिल्दैन। फौजदारी कसुरमा शंकाको सुविधा अभियुक्तले पाउने र अभियोजन पक्षले शंकारहित तवरले कसुर प्रमाणित गर्नुपर्ने कानूनी सिद्धान्तको विपरीत आफूलाई दोषी ठहर गरिएको छ। जाहेरी दरखास्त आफैंमा निर्णायक प्रमाण नहुने र निर्दोषिता प्रमाणित गर्ने भार अभियुक्तमा नसर्ने कानूनी सिद्धान्तको समेत उल्लंघन भएको छ । सुरु जिल्ला अदालत र उच्च अदालत पाटनको फैसला बदर गरी फौजदारी न्यायका मान्य सिद्धान्त, सर्वोच्च अदालतका नजिर र प्रचलित कानून बमोजिम झुठा अभियोग दाबीबाट सफाई पाऊँ भन्ने समेत बेहोराको निज पीटर जोन डाल्गलीशले यस अदालतमा दायर गरेको पुनरावेदनपत्र।

५०. प्रस्तुत मुद्दामा मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३ नं. को देहाय (२) र ९क. बमोजिम अभियोग मागदाबी रहेको देखिन्छ । पीडित परिवर्तित नाम सि.आई.बि. २९५ को उमेर १२ वर्ष ५ महिनाको भएको हदसम्म सजाय मागदाबी मिलेको देखिन्छ भने परिवर्तित नाम सि.आई.बि. २९४ को उमेर १४ वर्ष १० महिना देखिदा

निजको हकमा सोही महलको सोही नं. को देहाय (३) बमोजिमको सजाय आकर्षित हुने देखिन्छ । उक्त कानूनी व्यवस्था हेर्दा १० वर्षदेखि १४ वर्षको बालबालिका उपर कसूर गरेमा ८ देखि १२ वर्षसम्मको कैद सजाय हुने र १४ देखि १६ वर्षसम्मको बालबालिका भए ६ देखि १० वर्षसम्म कैद सजाय हुनुका साथै ९क. समेतको मागदाबी रहेको हुँदा थप एक-एक वर्ष गरी हुन सक्ने न्यूनतम सजाय ९ र ७ वर्ष तथा अधिकतम सजाय १३ वर्ष र ११ वर्षसम्मको कैद देखिन्छ । मुलुकी अपराध संहिता, २०७४ ले मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ९क. को व्यवस्थालाई हाल संहिताको दफा २२५ र २२६ अन्तर्गतको कसूरको रुपमा स्थापित गरेको कुरामा अदालत सहमत भई सोही आधारमा फैसला गरेको देखिन्छ । दफा २२६ ले अप्राकृतिक मैथुन निषेध गरेको र सोही उपदफा (३) मा बालबालिका विरुद्धको अप्राकृतिक मैथुन गर्ने व्यक्तिलाई दफा २१९ बमोजिम सजाय हुनेछ भन्ने कानूनी व्यवस्था गरेको देखिन्छ । हालको संहिता बमोजिम सजाय भएमा यी प्रतिवादीलाई १० वर्षदेखि १४ वर्षको बालबालिका उपर कसूर गरेमा १८ देखि २० वर्षसम्म र १४ वर्षदेखि १६ वर्षको बालबालिका उपर कसूर गरेमा १२ देखि १४ वर्षसम्मको कैद हुन सक्ने कानूनी व्यवस्था रहेबाट साबिक मुलुकी ऐनमा, जबर्जस्ती करणीको महलको कानूनी व्यवस्थाले गरेको सजाय भन्दा संहितामा सजायको मात्रा बढी देखिन्छ। केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को देहाय (ख) र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ अनुसार प्रतिवादीलाई पेडोफायल तर्फको कसूरमा १ वर्ष कैद सजाय घटाएको सन्दर्भमा हेर्दा साबिक मुलुकी ऐनको जबर्जस्ती करणीको महलले कम सजाय निर्धारण गरेको अबस्थामा केवल पेडोफायल तर्फ हाल थप सजायको व्यवस्था नभएको आधारमा प्रतिवादी PETER JOHN DALGLISH लाई आंशिक सजाय छुट दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ । बालबालिकाका हकमा विशेष कानूनका रुपमा रहेको बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६(३)(छ) ले यौन सन्तुष्टि प्राप्त गर्न बालबालिकालाई प्रयोग गर्ने वा गराउने कार्यलाई बालयौन दुर्व्यवहार मानिने व्यवस्था गर्दै सोही ऐनको दफा ७२(३)(छ) ले सो कसूर वापत कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम

जबर्जस्ती करणीको कसूरमा कसूरदारलाई हुने सजाय हुनेछ भन्ने व्यवस्था गरेको छ । प्रतिवादीले पीडित बालकहरु उपर गरेको कसूर बालबालिका सम्वन्धी ऐन, २०७५ को उक्त कसूर अन्तर्गत पनि पर्ने देखिन्छ । प्रतिवादीले मानवता विरुद्धको कसूर गरेको अवस्था भई मुलुकी अपराध संहिता, २०७४ को दफा ३८(ग)(ठ)(ण)(प) र (ब) अनुसारका कसूरको गंभिरता वढाउने तत्वहरु विद्यमान रहेको छ । त्यसर्थ निज प्रतिवादीलाई मुलुकी ऐनको जवजस्ती करणीको महलको ३(२) नं. ले व्यवस्था गरेको आठ देखि १२ वर्ष सम्म कैद सजाय अन्तर्गतको १२ वर्ष कैद तथा सोही महलको ९क. नं. अनुसार हुने थप सजाय १ वर्ष सम्म कैद अन्तर्गत १ वर्ष कैद सजाय नै थप गरी अधिकतम हदको कैद सजाय अर्थात १३ वर्ष कैद सजाय हुनुपर्नेमा उल्टै कसूरको गम्भिरता बमोजिम उपल्लो हदको सजाय नगरी सुरु अदालतले गरेको सजाय समेत घटाउने गरी ८ वर्ष कैद सजाय गर्ने गरी भएको उक्त फैसलामा कानूनी त्रुटी रहेकोले बदरभागी हुँदा प्रतिवादी Peter John Dalglish लाई आंशिक सजाय छुट दिने गरी भएको हदसम्म उच्च अदालत पाटनको फैसला त्रुटिपूर्ण भएकोले सो फैसला सोही हदसम्म बदर गरी निज प्रतिवादीलाई अभियोग मागदावी बमोजिम सजाय गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गरिन्छ भन्ने समेत बेहोराको नेपाल सरकारले यस अदालतमा दायर गरेको पुनरावेदनपत्र।

५१. यसमा उच्च अदालत पाटनको मिति २०७६/१०/९ मा भएको फैसला दुवै पक्षले चित्त नबुझाई सो फैसलाउपर वादी नेपाल सरकार र प्रतिवादी पीटर जोन डाल्गिलसको पुनरावेदन परेको देखिएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) को प्रयोजनार्थ प्रस्तुत पुनरावेदनपत्रहरु परस्पर जानकारी गराई नियमानुसार पेस गर्नू भन्ने बेहोराको यस अदालतबाट भएको आदेश।

## <u>ठहर खण्ड</u>

५२. नियमबमोजिम दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेस हुन आएको पुनरावेदनसहितको सुरु मिसिल संलग्न सम्पूर्ण कागजातहरुको अध्ययन गरियो ।

५३. पुनरावेदक प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्तात्रय श्री रमणकुमार श्रेष्ठ, श्री हरिहर दाहाल र श्री रजितभक्त प्रधानाङ्गले प्रतिवादी Peter John Dalglish को कसूर

जाहेरी दरखास्त र अन्य कागजपत्रहरुले शंकारहित तबरबाट पुष्टि गर्न सकेको देखिँदैन । यो त केवल सि.आई.बि. र साथी संस्थाको मिलेमतोमा प्रतिवादीको बालबालिकासम्बन्धी असल कामकारबाहीलाई हानी नोक्सानी पुर्याउन सुनियोजित रुपमा षडयन्त्रपूर्वक गरेको कार्य हो। पीडित भनिएका CIB २९४ र CIB २९६ लाई प्रहरीको दबाबमा झुटो बयान दिन लगाइएको छ । अभियुक्त पक्षका साक्षीहरू प्रविण गौतम, शंकर बस्ताकोटी, चिरिकाजी महर्जन र नवांग फिञ्जो तामाङले अदालतमा गरेको बकपत्रमा कुनै अनुपयुक्त व्यवहार नभएको भनी स्पष्ट गरेका छन्। पीडित भनिएका CIB २९४ र CIB २९६ लाई पुनः बकपत्रका लागि झिकाउन गरिएको माग अस्वीकार गरिएको छ। DNA परीक्षण र स्वास्थ्य परीक्षण प्रतिवेदनले समेत आरोपलाई पुष्टि नगरेको अबस्थामा केवल विरोधाभाषपूर्ण बकपत्रका आधारमा दोषी ठहर गर्नु न्यायसंगत छैन। खानतलासी र बरामदी मुचुल्काका साक्षी ज्ञानु तामाङले बरामद भएको भनिएको सामानको बारेमा आफूलाई केही थाहा नभएको भनी बकपत्र गरेका छन्। यस्तो अवस्थामा बरामदी मुचुल्कालाई प्रमाणमा लिन मिल्दैन। विदेशी नागरिक भएका कारण मेरो पक्षलाई पर्याप्त दोभाषे सुविधा उपलब्ध नगराई स्वच्छ सुनुवाईको अधिकारबाट वञ्चित गरिएको छ।फौजदारी न्यायको सर्वमान्य सिद्धान्त अनुसार शंकाको सुविधा अभियुक्तले पाउनुपर्दछ र अभियोजन पक्षले शंकारहित तवरले कसुर प्रमाणित गर्नुपर्दछ। अतः माथि उल्लिखित तथ्य, कानून र नजिरको आधारमा सुरु जिल्ला अदालत र उच्च अदालत पाटनको फैसला बदर गरी मेरो पक्षले सफाई पाउनु पर्छ भनी गर्नु भएको बहस सुनियो ।

५४. पुनरावेदक वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री विदुर कार्कीले प्रस्तुत मुद्दामा प्रतिवादी Peter John Dalglish उपर मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३ नं. को देहाय (२) र ९क. बमोजिम अभियोग मागदाबी रहेको छ। पीडित परिवर्तित नाम सि.आई.बि. २९५ को उमेर १२ वर्ष ५ महिना भएकोले निजको हकमा उक्त दफा आकर्षित हुने स्पष्ट छ। मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३(२) नं. अनुसार १० वर्षदेखि १४ वर्षको बालबालिका उपर कसूर गरेमा ८ देखि १२ वर्षसम्म कैद सजाय हुने र ९क. नं. बमोजिम थप एक वर्ष कैद हुने कानूनी व्यवस्था रहेको छ। बालबालिकाको हकमा विशेष कानूनका रूपमा रहेको बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६(३)(छ) ले यौन सन्तुष्टि प्राप्त गर्न बालबालिकालाई प्रयोग गर्ने वा गराउने

कार्यलाई बालयौन दुर्व्यवहार मानिने व्यवस्था गरेको छ। सोही ऐनको दफा ७२(३)(छ) ले उक्त कसूरमा प्रचलित कानून बमोजिम जबर्जस्ती करणीको कसूरमा हुने सजाय हुने व्यवस्था गरेको छ। प्रतिवादीको कार्य उक्त विशेष कानून अन्तर्गत पनि पर्ने स्पष्ट छ। मुलुकी अपराध संहिता, २०७४ को दफा ३८(ग)(ठ)(ण)(प) र (ब) अनुसार प्रतिवादीले मानवता विरुद्धको जघन्य अपराध गरेको, संरक्षणको कर्तव्य भएको व्यक्तिबाट कसूर भएको, पीडित नाबालक भएको, सामाजिक सद्भाव बिथोल्ने प्रकृतिको कसूर भएको र पटक-पटक कसूर गरेको जस्ता कसूरको गम्भीरता बढाउने तत्वहरू विद्यमान छन्। मुलुकी अपराध संहिताको दफा २२५ र २२६ ले अप्राकृतिक मैथुनलाई गम्भीर कसूर मानी दफा २१९ बमोजिम बढी सजायको व्यवस्था गरेको छ। केवल पेडोफायल तर्फको १ वर्ष छुट दिने आधारमा मात्र सजाय कम गर्न मिल्दैन । अतः कसूरको गम्भीरता, पीडितको उमेर, विशेष कानूनको व्यवस्था र नयाँ कानूनले गरेको कडा व्यवस्था समेतका आधारमा प्रतिवादीलाई अधिकतम १३ वर्ष कैद सजाय हुनुपर्नेमा ८ वर्ष मात्र सजाय गर्ने गरी भएको उच्च अदालत पाटनको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी अभियोग माग दाबी बमोजिम सजाय गरी पाऊँ भनी गर्नु भएको बहस सुनियो ।

५५. यसमा, प्रतिवादी क्यानाडियन नागरिक PETER JOHN DALGLISH ले पीडित वर्ष १४ को परिवर्तित नाम काठमाडौं २६ सि.आई.वि. २९४ र वर्ष १२ को परिवर्तित नाम काठमाडौं २६ सि.आई.वि. २९५ लाई विभिन्न प्रलोभनमा पारी निजहरुको गोप्य अङ्ग (यौनाङ्ग) खेलाइदिने, हल्लाइदिने, यौनाङ्ग चुस्ने, गुद्द्वारमा औंला छिराउने कार्य गरी बालयौन दुराचार (Pedophile) को कसूर गरेको पुष्टि हुन आएको हुँदा निजको उक्त कार्य मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ९क. नं. बमोजिमको कसूर भएकोले निज प्रतिवादी क्यानाडियन नागरिक PETER JOHN DALGLISH लाई सोही मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३ नं. को देहाय (२) बमोजिम सजाय भई ऐ. ९क. नं. बमोजिम थप सजाय हुन र सोही ९क. नं. बमोजिम प्रतिवादीबाट पीडितहरुलाई क्षतिपूर्ति दिलाई भराइ पाउन मागदावी लिई पेस भएको अभियोग मागदावी रहेकोमा प्रतिवादी PETER JOHN DALGLISH ले अभियोग दावी बमोजिम तत्कालिन मुलुकी ऐन जबर्जस्ती करणीको महलको ९क. नं. बमोजिमको कसूर गरेको पुष्टी हुन आएकोले निजलाई कसूर वारदात हुँदाको अबस्थामा तत्काल प्रचलित मुलुकी ऐन जबर्जस्ती करणीको महलको ३(२) र ३(३) नं.को कानूनी

व्यवस्था अनुसार ८ (आठ) वर्ष मात्र कैद सजाय गरी प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति समेत दिलाई भराई दिने गरेको हदसम्मको सुरू अदालतको इन्साफ मिलेकै देखिँदा सदर हुने ठहर्छ। मुलुकी ऐन जबर्जस्ती करणीको ९क. को व्यवस्थालाई मुलुकी अपराध संहिता, २०७४ को दफा २२५ र २२६ तथा २१९ मा पुनरव्यवस्थीत गरिएको र उक्त दफामा उक्त जबर्जस्ती करणीको ९क. बमोजिम थप सजाय हुने व्यवस्था नभएको हुँदा सो बमोजिम थप १ वर्ष सजाय गरेको हदसम्म सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट भएको फैसला मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्याई उच्च अदालत पाटनबाट भएको फैसला उपर वादी नेपाल सरकार र प्रतिवादी PETER JOHN DALGLISH ले चित्त नबुझाई यस अदालतमा पुनरावेदन गरेको देखियो।

५६. उपर्युक्त तथ्य तथा पुनरावेदन जिकिर भएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी तथा प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्तात्रय र वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताले गर्नु भएको तर्कपूर्ण बहस जिकिर समेत सुनी निम्न प्रश्नहरुको निरुपण गर्नु पर्ने देखियो।

(१) केन्द्रीय अनुसन्धान ब्यूरोले प्रस्तुत मुद्दाको अनुसन्धान गर्न मिल्ने हो,होइन?

(२) प्रतिवादीलाई बयान गराउदा निजले बुझ्ने भाषामा गराईएको थियो,थिएन?

(३) उच्च अदालत पाटनबाट भएको फैसला मिलेको छ, छैन? र

(४) पुनरावेदक वादी र प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन?

५७. पहिलो प्रश्नतर्फ विचार गर्दा, केन्द्रीय अनुसन्धान ब्यूरो (स्थापना र कार्य सञ्चालन) नियमावली, २०७० को नियम ३ मा ब्युरोको स्थापनाः प्रचलित कानून बमोजिम प्रहरीले अनुसन्धान तहकिकात गर्ने अपराधको गम्भीरता, अपराधको प्रकृति, अपराधमा संलग्न गिरोह वा त्यसले समाजको शान्ति सुरक्षामा पार्ने असरको आधारमा त्यस्ता अपराधको विशिष्टिकृत अनुसन्धान तहकिकात गर्न र अन्य कुनै प्रहरी कार्यालयबाट भइरहेको वा हुने अनुसन्धान तहकिकातको कार्यमा सहयोग गर्न एक केन्द्रीय अनुसन्धान ब्यूरो रहने छ भनी उल्लेख गरिएको छ । त्यस्तै ऐ. नियमावलीको नियम ६(क) मा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ बमोजिम सम्बन्धित प्रहरी कार्यालयबाट अनुसन्धान तहकिकात हुने अपराधहरु मध्ये जघन्य, संगठित वा सार्वजनिक चासो वा राष्ट्रिय महत्वको विषय वा मानव

अधिकारको गम्भीर उल्लङ्घन वा राष्ट्रिय हित वा सरोकारका दृष्टिले अति संवेदनशील महसुस गरी प्रहरी महानिरीक्षकले तोकिदिएका अपराधहरु भनी उल्लेख गरेको देखिन्छ। मिसिल संलग्न कागजातबाट प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंज, काठमाण्डौबाट च.नं. ५४१६ मिति २०७४।१२।२४ को पत्रबाट केन्द्रीय अनुसन्धान ब्यूरो (स्थापना र कार्य सञ्चालन) नियमावली, २०७० को नियम ६(क) बमोजिम अनुसन्धान गर्न अनुमति पाउन पत्राचार भएको र प्रहरी प्रधान कार्यालय, प्रहरी महानिरीक्षकको सचिवालय, नक्साल काठमाण्डौबाट अनुमति प्रदान भएको देखिँदा कानुन बमोजिम स्थापित केन्द्रीय अनुसन्धान ब्यूरोले मानव अधिकारको रुपमा रहेको बाल अधिकारको गम्भीर उल्लङ्घन भएको स्थितिमा अपराधको विशिष्टिकृत अनुसन्धान तहकिकात गर्न सक्ने नै देखिँदा केन्द्रीय अनुसन्धान ब्यूरोद्धारा गरिएको प्रस्तुत मुद्दाको अनुसन्धान तहकिकातलाई अन्यथा भन्न मिलेन।

५८. दोस्रो प्रश्नतर्फ विचार गर्दा, प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंज, काठमाण्डौंको च.नं.५४४६ मिति २०७४।१२।२५ को पत्रमा अंग्रेजी भाषा विशेषज्ञ उपलब्ध गराई दिनुहुन भनी श्री त्रिभुवन विश्वविद्यालय विश्वभाषा क्याम्पस प्रदर्शनी मार्ग, काठमाण्डौमा लेखी पठाएबमोजिम विश्वभाषा क्याम्पसबाट अंग्रेजी भाषा शिक्षकलाई पठाएको देखिन्छ। निज प्रतिवादी PETER JOHN DALGLISH को अनुसन्धान अधिकारी समक्ष भएको बयानको स.ज. ३६ मा मलाई मैले गरेको बयानको सवाल जवाफ १ देखि सवाल ३५ सम्मको बयान बेहोरा कम्प्युटर टाईप गरी प्रिन्ट गरी निकाली दोभाषेको सहयोगमा पढीबाँची सुनाउदा सुनी पाएँ, बयान मैले भने बमोजिम लेखिएको (टाईप गरिएको) छ, झुठा फरक छैन भनी उल्लेख गरिएको देखिएको र उक्त बयानमा नविनचन्द्र मरासिनी भनी उल्लेख भएको देखिँदा उचित रुपमा मुद्दामा दोभाषेको प्रतिनिधित्व भई निज प्रतिवादीले नै भने बमोजिमको बयान बेहोरा टिपोट भएको देखिँदा पुनरावेदक प्रतिवादीको जिकिरसँग सहमत हुन सकिएन ।

५९. अब प्रस्तुत मुद्दाको तथ्य र प्रमाण समेतको विवेचना गर्दै तस्रो र चौथो प्रश्न सम्बन्धमा विचार गर्दा, काभ्रेपलाञ्चोक जिल्ला मण्डन देउपुर नगरपालिका वडा नं.१ स्थित चिरिकाजी महर्जनको घरमा डेरा गरी बसेका विदेशी मुलुकका नागरिकले नेपाली नाबालकहरुलाई विभिन्न सामान, फलफुल र खानेकुरा तथा नगद रकम समेत दिई ललाई फकाई, गरी तथा

प्रलोभनमा पारी बालयौन दुराचार (Pedophile) गरी गराई नेपाली बालबालिकाहरुलाई पीडित बनाउने गरेको भन्ने बिशेष सूचना यस ब्यूरोमा प्राप्त हुन आएकोले चिरिकाजी महर्जनको घरको आसपासमा प्रहरी खटिई निरन्तर निगरानी गर्दै जाँदा उक्त घरमा क्यानाडियन नागरिक PETER JOHN DALGLISH बस्ने गरेको र निजले नेपाली नाबालकहरुलाई बालयौन दुराचार (Pedophile) गर्ने गरेको पत्ता लगाई मिति २०७४।१२।२४ गते दिनको ०९:०० बजे उक्त घर खानतलासी गर्दा भुई तला समेत माथि २ तला भएको घरको पहिलो तलामा पीडित नाम परिवर्तित काठमाडौं २६ सि.आई.बि.२९४ र दोश्रो तलामा प्रवेश गर्दा निज क्यानाडियन नागरिक PETER JOHN DALGLISH को शरीरको सम्पूर्ण कपडाहरु खोलेको नग्न अबस्थामा फेला पारी शंकास्पद देखिई कानून बमोजिम उक्त घर कोठा खानतलासी लिंदा सोही घरको दोश्रो तलामा अर्को पीडित नाम परिवर्तित काठमाडौं २६ सि.आई.बि.२९५ माथि भेष्ट मात्रै लगाएको तल केही नलगाएको अर्ध नग्न अबस्थामा फेला पारी वर्ष १४ को नेपाली बालक पीडित नाम परिवर्तित काठमाडौं २६ सि.आई.बि.२९४ र वर्ष १२ को नेपाली बालक २९५ समेतलाई उद्दार गरी बालयौन दुराचार (Pedophile) गर्ने क्यानाडियन नागरिक PETER JOHN DALGLISH लाई तत्कालै पक्राउ गरी निज बस्दै आएको घर कोठा कानून बमोजिम खानतलासी गर्दा फेला परेका निजैको पासपोर्ट, ल्यापटप, मोबाईल फोन समेतका बरामदी मुचुल्कामा उल्लिखित दशीका सामानहरु बरामद गरी घटनाको बारेमा सोधपुछ गरिएको सिडी, घटनास्थलबाट लिएको फोटो समेत यसै प्रतिवेदनसाथ पेस गरेकोले कानून बमोजिम गरी पाऊँ भन्ने बेहोराको प्रहरी प्रतिवेदन एवम् प्रतिवादी PETER JOHN DALGLISH ले मेरो नाबालक छोरालाई आफ्नो सावर (Shower) मा नुहाई धुवाई गर्ने निजको घरको कोठामा रातको समयमा सुताई मेरो छोराको पुरुष यौनाङग (PENIS) खेलाई दिने, मुखले चुस्ने जस्तो कार्य गरेको हुँदा निज प्रतिवादीलाई बालयौन दुराचार (Pedophile) मुद्दामा कानून बमोजिम कारबाही गरी पाऊँ भन्ने बेहोराको नाम परिवर्तित काठमाडौं २६ सि.आई.बि.२९७ को जाहेरी दरखास्त र मेरो नाबालक छोरालाई विभिन्न किसिमको प्रलोभनमा पारी मेरो छोराको गोप्य अङ्ग (यौनाङ्ग) खेलाईदिने, हल्लाई दिने, यौनाङ्ग चुस्ने, गुद्वारमा औला छिराउने जस्तो कार्य गरी बालयौन दुराचार कार्य गरेकोले उल्लिखित प्रतिवादीलाई बालयौन दुराचार (Pedophile) मुद्दामा कारबाही गरी उचित क्षतिपूर्ति समेत भराई पाऊँ भन्ने बेहोराको नाम

परिवर्तित काठमाडौं २६ सि.आई.बि.२९६ को जाहेरी दरखास्तबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ । जिल्ला काभ्रेपलाञ्चोक मण्डन देउपुर नगरपालिका वडा नं.१ स्थित चिरिकाजी महर्जनको घरबाट मिति २०७४।१२।२४ गते दिनको ०९:०० बजे क्यानाडियन नागरिक PETER JOHN DALGLISH पक्राउ परेको एवम् पीडित नाम परिवर्तित काठमाडौं २६ सि.आई.बि.२९४ र पीडित नाम परिवर्तित काठमाडौं २६ सि.आई.बि.२९५ को उद्धार भएको तथ्यमा विवाद देखिएन ।

६०. खानतलासीका क्रममा के-के सामान बरामद भएको हो थाहा भएन। बरामद गर्ने क्रममा प्रहरीले झोलामा राखेको देखेको हो। झोलामा के-के सामान थियो थाहा भएन भन्ने समेत बेहोराको खानतलासी मुचुल्काका साक्षी ज्ञानु तामाङले सुरु अदालतमा बकपत्र गरे तापनि बरामद भएको सामान फोटोहरु र स्प्रेको बट्टा थियो। फोटोहरु अं. १५/१५ वटा जति र स्प्रे १ वटा थियो भन्ने समेत बेहोराको खानतलासी मुचुल्काका साक्षी ज्योती वाईवाले र खानतलासी गर्दा फोटोहरु र स्प्रेको बट्टाहरु बरामद गरेको देखेको हो। नग्न तस्विर भएको फोटोहरु थियो। मैले देखेको फोटोहरु पीडितहरुको नभई विदेशी नागरिकहरुको थियो भन्ने समेत बेहोराको खानतलासी मुचुल्काका साक्षी विजय तामाङले सुरु अदालतमा बकपत्र गरेको देखिँदा नग्न तस्विर भएको फोटोहरु समेत बरामद भएको पुष्टि हुन आएको देखियो ।

६१. प्रतिवादी Peter John Dalglish ले अनुसन्धान अधिकारी समक्ष गरेको बयानमा अभियोग दावी बमोजिम बाल यौन दुराचार गरेको कसूरमा इन्कार रहेको देखिए तापनि निजले बयानमा पीडित नाम परिवर्तन काठमाडौं २६ सि.आई.बि. २९४ आफ्नो बुबासँग र अर्को पीडित नाम परिवर्तन काठमाडौं २६ सि.आई.बि. २९५ पीडित नाम परिवर्तन काठमाडौं २६ सि.आई.बि. २९४ सँग मेरो घरमा आउने जाने गर्थे भनी बयान गरी पीडितहरु प्रतिवादी PETER JOHN DALGLISH को घरमा जाने बस्ने गरेको तथ्य स्वीकार गरेको देखिन आएको छ। मिति २०७४।१२।२४ मा पीडित नाम परिवर्तन काठमाडौं २६ सि.आई.बि. २९४ उद्धार हुँदा र निज प्रतिवादी PETER JOHN DALGLISH पक्राउ पर्दा शरीरको सम्पूर्ण कपडाहरु खोलेको अवस्थामा फेला परेको र पीडित नाम परिवर्तन काठमाडौं २६ सि.आई.बि. २९५ उद्धार हुँदा माथि भेष्ट मात्र लगाएको, तल केही नलगाएको, अर्ध नग्न अवस्थामा देखिएको भनी प्रहरी प्रतिवेदनमा उल्लेख भएको देखिँदा

प्रतिवादीले पीडितहरु उपर बाल यौन दुराचार नगरेको भए निजहरु प्रतिवादीको घरबाट अर्धनग्न अवस्थामा उद्धार हुनुपर्ने अवस्था देखिँदैन। निजले अदालतमा गरेको बयानमा समेत उत्तर अमेरीका र युरोपमा बालअवस्था पार गरीसकेपछि सुत्ने बेलामा कसैले पनि पूरा कपडा लगाउँदैनन् भनी गरेको बयान बेहोरासँग पीडितहरुलाई अर्धनग्न राखेको कार्य एकाकार हुन आयो । त्यस्तै, निज प्रतिवादी PETER JOHN DALGLISH ले अनुसन्धान अधिकारी समक्ष भएको बयानको स.ज. १९ मा पीडित नाम परिवर्तित काठमाडौं २६ सि.आई.बि. २९४ को बुबा मेरो घरमा काम गर्ने भएकोले निजले नै आफ्नो छोरालाई मेरो घरमा रातको समयमा बस्नलाई छोडेर जान्थे किनकी उसको घरको वातावरण राम्रो थिएन। मैले निज पीडितलाई निजको बुबाको अनुरोधमा स्कूलको फि तिर्ने, लुगा कपडा किन्ने लगायतको सहयोग गर्दथे भनी बयान गरी स.ज. २७ मा पीडित नाम परिवर्तित काठमाडौं २६ सि.आंई.बि. २९४ लाई मैले निजको बुबाले भने बमोजिमको सहयोग गर्थे भनी बयान गरेको देखिँदा विगतमा पनि बालयौन दुराचारमा संलग्न रहेका निज प्रतिवादीले अभिभावक र नाबालक पीडितलाई सहयोग गरी प्रभावित तुल्याएको देखिन्छ।

६२. पीडित नाम परिवर्तन काठमाडौं २६ सि.आई.बि. २९५ को अदालतमा भएको बकपत्रमा प्रतिवादी PETER JOHN DALGLISH ले उहाँकै घरमा बेलुका खाना खाएपछि मलाई नुहाई दिएपछि मलाई उहाँले लगाउने माथिको लुगा लगाई शरीरको तल्लो भागमा केही पनि नलगाईदिएको र खाटमा सुतिरहेको अवस्थामा प्रतिवादी PETER JOHN DALGLISH आएर अल्लि पर सर भनी सङ्गै बसेर १५-२० मिनेट जति मेरो पिसाब गर्ने यौनाङ्ग चलाई रहनु भएको र अर्को दिन प्रतिवादी PETER को घरमा जाँदा समेत PETER ले रक्सी खाँदै मेरो यौनाङ्ग चलाएको हो एवम् निज प्रतिवादी PETER ले विदेश घुम्न लैजाने, मीठो खाना खाने, नयाँ कपडा किन्दिने भनेर भनेको थियो भन्ने समेत बेहोराको बकपत्र गरेको देखिन्छ । त्यस्तै, अर्का पीडित नाम परिवर्तन काठमाडौं २६ सि.आई.बि. २९४ ले प्रतिवादी PETER JOHN DALGLISH को घरमा म ७ वर्षदिखि बस्दै आएकोमा करिब १० वर्षको हुँदा देखि नै प्रतिवादीले मेरो पिसाब गर्ने अङ्ग हल्लाई दिने, चुस्ने, पछाडिको गुद्वारमा औंला छिराउने काम गर्दै आएको थियो। निज प्रतिवादीले सधैं बेलुका बेलुका मेरो यौनाङ्ग हल्लाई दिने, चुस्दिने र पछाडिको गुद्वारमा औंला छिराउने काम गर्दै आउनु भएको थियो। प्रतिवादी PETER JOHN DALGLISH ले चुप लागेर बस भनेकोले निज प्रतिवादीले मेरो यौनाङ्ग चलाउने,

खेलाउने, चुस्दिने गर्दा समेत म चुप लागेर बसेको थिएँ। सधैंभरी बेलुका मलाई पनि रक्सी खुवाउने र निज प्रतिवादी आफू समेत रक्सी खाने गर्नुहुन्थ्यो। रक्सी खाएपछि निज प्रतिवादी PETER JOHN DALGLISH ले यौन दुराचारका कार्य गर्नुहुन्थ्यो। राती म बेडमा एक्लै सुत्दा समेत निज प्रतिवादी PETER JOHN DALGLISH ले मेरो बेडमा आएर मेरो यौनाङ्ग खेलाई दिने, हल्लाई दिने, चुस्दिने कार्य गर्नुहुन्थ्यो। निज प्रतिवादीले मेरो यौनाङ्ग चलाएपछि मैले पनि निज प्रतिवादीको यौनाङ्ग हल्लाई दिने, चलाई दिने गर्नुपर्थ्यो। मैले लिङ्गबाट झरेको र प्रतिवादी PETER JOHN DALGLISH ले झारेको पदार्थ टि-सर्टले पुछ्ने कार्य मैले गर्नुपर्थ्यो। निज प्रतिवादी PETER JOHN DALGLISH को लिङ्ग चुस्नको लागि मेरो टाउको लैजान्थ्यो। अन्तिम पटक निज प्रतिवादी PETER JOHN DALGLISH ले उल्लिखित यौनाङ्ग खेलाउने, चलाउने कार्य गरेपछि भोलीपल्ट बिहान प्रहरी आईपुगेर प्रतिवादी PETER JOHN DALGLISH लाई पक्राउ गरेर लगेको हो। प्रतिवादी PETER JOHN DALGLISH ले मलाई बैङ्कक घुम्न लैजाने, ५ star होटलमा काम लगाईदिने भनेको हुँदा मैले उसले गरेको यौन दुराचारको कार्यहरु कोही कसैलाई नभनेको हुँ भन्ने समेत बेहोराको बकपत्र गरेको देखिन्छ । यसरी पीडितद्धयबाट अनुसन्धानमा भएको कागज बेहोरालाई समर्थित हुने गरी अदालतमा आई बकपत्र गरेको देखिन्छ ।

६३. त्यस्तै, जाहेरवाला नाम परिवर्तित काठमाडौं २६ सि.आई.बी. २९७ ले अदालतमा बकपत्र गर्दा मैले आफ्नो छोरालाई PETER JOHN DALGLISH ले तिमीलाई के-के गऱ्यो भनी सोध्दा मेरो छोराले PETER ले आफूलाई नुहाईदिने, यौनाङ्ग खेलाउने, चुसिदिने गरेको थियो भनी भन्यो। त्यसपछि मैले यौनाङ्ग खेलाउँदा आकार वृद्धि भयो/भएन भनी सोध्दा ठूलो भएको थियो भनी भनेको थियो भन्ने समेत बेहोराको बेहोरा उल्लेख गरेको र अर्का जाहेरवाला नाम परिवर्तित काठमाडौं २६ सि.आई.बी. २९६ ले मैले छोरालाई सोधनी हुँदा PETER ले मेरो छोराको लिङ्ग चुस्ने, गुद्वारमा PETER को लिङ्ग छिराउने गरेको भनेर मेरो छोरोले मलाई भन्यो। यही घटनाको तथ्य थाहा पाएपछि मैले प्रतिवादी PETER उपर बालयौन दुराचार गरेकोमा केन्द्रीय अनुसन्धान ब्यूरोमा जाहेरी दरखास्त दिएको हुँ भन्ने समेत बेहोराको उल्लेख गरी दिएको देखिन्छ । यसै गरी प्रतिवेदक प्र.नि. कञ्चन तामाङले विशेष सूचनाको आधारमा त्यहाँ पुग्दा उक्त घरमा २ जना बच्चाहरु अर्धनग्न अबस्थामा रहेका र प्रतिवादी PETER पूर्ण नग्न अबस्थामा भएकोले मौकामा सोधपुछ गरी रीतपूर्वक पक्राउ गरिए पश्चात

पीडित परिवर्तित नाम काठमाडौं २६ सि.आई.बि. २९४ र पीडित परिवर्तित नाम काठमाडौं २६ सि.आई.बि. २९५ लाई साथी भन्ने संस्थालाई जिम्मा लगाईएको हो भन्ने समेत बेहोरा बकपत्रमा उल्लेख गरेको देखिन्छ भने अर्को प्रतिवेदक प्र.ना.उ. श्री कवित कटुवालले गरेको बकपत्रमा अभिभावककै रोहवरमा पीडित बालकहरुसँग प्रारम्भिक सोधपुछ गर्दा सि.आई.बि. २९४ ले भने अनुसार PETER JOHN DALGLISH ले निजलाई निजको यौनाङ्गमा चलाउने, चुस्ने जस्ता कार्यहरु गरेको र सि.आई.बि. २९५ ले भने अनुसार मिति २०७४/१२/२३ गते राती अं. ८:४५ बजे बाथरुममा लगी PETER ले नुहाईदिएर निज सि.आई.बि. २९५ को यौनाङ्ग सुम्सुम्याउने, खेलाउने, चुस्ने कार्य गरेको भनी उल्लेख भएको र बालकहरुलाई उद्धार गरी हामीले प्रहरी कार्यालयमा ल्याएर अभिभावकको सहमतिमा मनोवैज्ञानिक परामर्श र सहायताका लागि साथी संस्थालाई जिम्मा लगाएका हौं भन्ने समेत बेहोरा उल्लेख गरेको देखिन्छ । त्यस्तै, प्रहरी प्रतिवेदक कृष्णनन्द जोशीले गरेको बकपत्रमा वारदात स्थलमा खटिईजाँदा प्रतिवादी PETER JOHN DALGLISH पूर्ण नग्न अवस्थामा, पीडित सि.आई.बि. २९५ सङ्गैको कोठामा माथि भेष्ट लगाएको अवस्थामा अर्धनग्न अवस्थामा रहेको र अर्को पीडित सि.आई.बि. २९४ तल्लो तलाको कोठामा फेला परेका थिएँ। तत्काल सोधपुछ गर्दा सि.आई.बि. २९५ ले मिति २०७४/१२/२३ गते राती २०:४५ बजे प्रतिवादी PETER JOHN DALGLISH ले आफूलाई बालयौन दुराचारको कार्य गरेको भनी बताएका थिएँ। PETER JOHN DALGLISH बस्ने कोठाबाट बरामदी मुचुल्कामा उल्लिखित अर्धनग्न फोटोहरु समेतका सामाग्रीहरु बरामद भएको हो। प्रतिवादी PETER JOHN DALGLISH ले नाबालकहरुलाई विभिन्न अवस्थाका फोटो खिची प्रलोभन दिँदै लोभ्याउँदै बालयौन दुराचार गर्ने सन्दर्भमा मिसिल संलग्न फोटोहरु लिएको हुनुपर्छ भन्ने समेत बेहोराको बकपत्र गरेको देखिन्छ।

६४. उल्लिखित जाहेरवाला, पीडित र प्रतिवेदकहरुको बकपत्रको प्रमाणिक मूल्य (Evidential Value) का सम्बन्धमा हाम्रो कानुनी व्यवस्था हेर्दा, प्रमाण ऐन, २०३१ को दफा १८ मा **"अनुसन्धान वा जाँचबुझको सिलसिलामा तयार भएका लिखतः कुनै काम, घटना वा अवस्थाका सम्वन्धमा भएको अनुसन्धान वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानुन बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रुपमा अदालतमा उपस्थित भै बयान गरेमा प्रमाणमा लिन हुन्छ"** भनी उल्लेख

भएको देखिँदा जाहेरवाला, पीडित एवम् प्रतिवेदक समेतको बकपत्रबाट प्रतिवादीले पीडित परिवर्तित नाम काठमाडौं २६ सि.आई.बि. २९४ र पीडित परिवर्तित नाम काठमाडौं २६ सि.आई.बि. २९५ उपर अप्राकृतिक मैथुन सम्बन्धी कसूर प्रमाणिक रुपमा पुष्ट्याई (Coroborate) भएको भन्ने देखिन आयो।

६५. अब उल्लिखित तथ्य, प्रमाण एवम् कानुनी व्यवस्था तथा यस अदालतबाट प्रतिपादित सिद्धान्त समेतको आधारमा यी प्रतिवादीले गरेको कार्यबारे थप विवेचना गर्नुपर्ने देखिन आयो। यसै सन्दर्भमा "सामान्यतः **महिला र पुरूषबीच स्वभाविकरूपमा हुने यौन एवं मैथुनको क्रियालाई प्राकृतिक मैथुन मानिने र प्राकृतिक तवरमा गरिने स्वभाविक मैथुनको क्रियाबाहेक अन्य अस्वभाविक एवं अप्राकृतिक तरिकाबाट हुने विभिन्न प्रकारका यौनजन्य क्रियाकलाप र मैथुंनलाई अप्राकृतिक मैथुन भनी बुझ्नुपर्ने हुन्छ । यो क्रियामा पुरूषको लिङ्ग महिला एवं स्त्रीको योनिमा प्रवेश गराउने क्रियादेखि बाहेक अन्य क्रियाकलापहरू जस्तै पुरूषको लिङ्ग खेलाउन लगाउने, लिङ्ग चुसाउने, लिङ्गलाई योनिबाहेक गुद्द्वार एवं मुखमा हाल्ने, निकाल्ने क्रिया गर्ने, लिङ्गलाई स्तन, मुख एवं गुद्द्वारको वरिपरि दल्ने, नाबालिका केटीहरूको स्तन समाउने, यौनाङ्ग मुसार्ने, स्त्री यौनाङ्गमा औंला छिराउने आदि जस्ता क्रिया पर्ने"** भनी ने.का.प. २०७५ अंक ५ नि.नं. १००१९ मा सिद्धान्त प्रतिपादन भएको देखिन्छ। यसरी पीडित नाम परिवर्तन काठमाडौं २६ सि.आई.बि. २९५ को १५-२० मिनेट पिसाब गर्ने यौनाङ्ग प्रतिवादी PETER JOHN DALGLISH ले चलाएको र अर्का पीडित नाम परिवर्तन काठमाडौं २६ सि.आई.बि. २९४ को पिसाब गर्ने अंग हल्लाई दिने, चुस्ने, पछाडिको गुद्वारमा औंला छिराउने लगायतका कार्य निज प्रतिवादी PETER JOHN DALGLISH ले गरेको भनी निज पीडितहरुको बकपत्रमा उल्लेख भएको तथ्य र साक्षीहरुको बकपत्र प्रमाणबाट समेत समर्थित हुन आएको देखिँदा निज प्रतिवादीले स्वभाविक रुपमा प्राकृतिक मैथुन अन्तर्गतको कार्य नगरी अस्वभाविक मानिने अप्राकृतिक मैथुनजन्य कसूर गरेको स्थापित हुन आयो।

६६. निज प्रतिवादी PETER JOHN DALGLISH लाई केन्द्रीय अनुसन्धान ब्यूरोको टोलीले काभ्रेपलाञ्चोक जिल्ला मण्डन देउपुर नगरपालिका वडा नं.१ स्थित चिरिकाजी महर्जनको घरमा खानतलासी गर्दा नग्न अवस्थामा फेला पारेको तथ्य प्रहरी प्रतिवेदनबाट खुल्न आएको छ। उक्त समयमा दुई जना नेपाली नाबालकहरू पनि अर्धनग्न अवस्थामा फेला

परेका थिएँ। विशेष सूचनाको आधारमा गरिएको खानतलासीमा प्रतिवादीले नाबालकहरूलाई विभिन्न प्रलोभन देखाई दुर्व्यवहार गर्ने गरेको भन्ने तथ्य उजागर भएको पाइन्छ। प्रतिवादीले अनुसन्धानको क्रममा स्वयम् आफू विगतमा पनि यस्तै प्रकृतिका कसूरमा संलग्न रहेको स्वीकार गरी बयान गरेको देखिन्छ। यस सन्दर्भमा पीडित बालकहरूले अदालतमा उपस्थित भई गरेको बकपत्रमा प्रतिवादीले आफूहरूलाई विदेश घुमाउने, होटलमा काम लगाइदिने, राम्रो खाना खुवाउने जस्ता विभिन्न प्रलोभन देखाई यौन दुर्व्यवहार गर्ने गरेको भनी विस्तृत रूपमा उल्लेख गरेका छन्। पीडित बालकहरूका अभिभावकहरूले समेत आफ्ना छोराहरूले प्रतिवादीबाट यौन शोषण भएको आफूहरूसँग बताएको भनी अदालतमा बकपत्र गरेका छन्। यसरी पीडितद्धयले अनुसन्धानमा गरेको कागज बेहोरासँग अदालतमा गरेको बकपत्रको बेहोरा मिलान भएको र अन्य स्वतन्त्र प्रमाणहरुबाट कसूर समर्थित भएको सन्दर्भमा निज पीडितहरुको भनाई स्वास्थ्य परीक्षण प्रतिवेदनसँग एकाकार हुन नआएको एक मात्र कारणले उपलब्ध अन्य समग्र तथ्य र प्रमाणहरुको सापेक्षतामा न्यायिक विवेचना (Judicial Analysis) गरी प्रमाणमा लिन नमिल्ने भन्नु न्यायसंगत नहुने। घटनास्थलमा खटिएका प्रहरी प्रतिवेदकहरूले समेत प्रतिवादी र पीडितहरूलाई अनुचित अवस्थामा फेला पारेको र बरामदी मुचुल्कामा उल्लिखित नग्न तस्वीरहरू समेत बरामद भएको भनी किटानी बकपत्र गरिदिएका आधार प्रमाणहरुबाट समेत प्रतिवादीको कसूर स्वतन्त्र प्रमाणहरूबाट पुष्टि भएको देखिन्छ।

६७. अब प्रतिवादी PETER JOHN DALGLISH लाई हुने सजाय तर्फ विचार गर्दा, मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ९क.नं. मा **"कसैले कुनै नाबालकसँग कुनै किसिमको बालयौन दुराचार (पेडोफायल) गरे गराएमा जबर्जस्ती करणी गरेको मानी यसै महलको ३ नम्बर बमोजिम हुने सजायमा थप एक वर्षसम्म कैद गरी त्यस्तो नाबालकलाई निजको उमेर र उसलाई पुग्न गएको मर्का समेत विचार गरी अदालतले बालयौन दुराचार (पेडोफायल) गर्नेबाट मनासिब माफिकको क्षतिपूर्ति समेत भराई दिनु पर्छ"** भनी उल्लेख गरेको छ । **मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ९क. द्धारा निर्दिष्ट ऐ. को ३ नं. मा भएको कानुनी व्यवस्थालाई प्रस्तुत मुद्दाका पीडितहरुको उमेरका आधारमा हेर्दा ऐ. को ३(२) नं. को व्यवस्था आकर्षित हुने देखिन्छ। ऐ. को ३(२) नम्बरमा "दश वर्ष वा सोभन्दा बढी चौध वर्षभन्दा कम उमेरको बालिका भए आठदेखि बाह्र वर्षसम्म कैद सजाय हुनेछ"** भनी

व्यवस्था भएको देखिन्छ। साविक मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ९क.नं. को बालयौन दुराचार (पेडोफाएल) सम्बन्धी व्यवस्थालाई मौजुदा मुलुकी अपराध संहिता, २०७४ को दफा २२५ मा बालयौन दुरुपयोग गर्न नहुने भनी र दफा २२६ मा अप्राकृतिक मैथुन गर्न नहुने भनी छुट्टाछुट्टै व्यवस्था गरी दुवै कसूरमा छुट्टाछुट्टै सजायको व्यवस्था गरेको छ र साविक मुलुकी ऐन जबर्जस्ती करणीको ९क. नम्बरमा भएको बालयौन दुराचार (पेडोफाएल) सम्बन्धी व्यवस्थालाई हालको अपराध संहिताको दफा २२६ अन्तर्गतको अप्राकृतिक मैथुन सम्बन्धी व्यवस्थाले प्रतिस्थापन गरेको देखिँदा प्रस्तुत अभियोग दावी बमोजिमको कसूर दफा २२५ बमोजिमको नभई दफा २२६ अन्तर्गतको अप्राकृतिक मैथुन गर्न नहुने भन्ने बमोजिमको कसूरतर्फ स्थापित हुन आएको र ऐ. दफा २२६ को उपदफा (३) मा बालबालिका विरुद्ध उपदफा (१) बमोजिम कसूर गर्ने व्यक्तिलाई दफा २१९ बमोजिम सजाय हुनेछ भनी उल्लेख भएको देखिन्छ। यसरी साविक मुलुकी ऐन जबर्जस्ती करणीको महलको ९क.नं. को व्यवस्था हालको अपराध संहिताको दफा २२६ मा भएको व्यवस्था र साविकको ३ नं. मा भएको व्यवस्थालाई हालको संहिताको दफा २१९ को व्यवस्थाले प्रतिस्थापन गरेको देखिन्छ। यसरी नयाँ कानुनले पूरानो कानुनमा भएका प्रावधानहरुलाई प्रतिस्थापन गर्दा जे जुन रुपमा नयाँ व्यवस्था गरी कसूर र सजायको प्रस्ताव गरेको छ अदालतले ती साविक र हालको कानुनको सोही रुपमा प्रयोग र व्याख्या गर्नु पर्ने हुन्छ। स्वभावतः कानुनहरु संशोधन र नयाँ निर्माण मार्फत परिवर्तन भईरहेका हुन्छन। अतः अदालतले परिवर्तित कानुनको प्रयोग र व्याख्या मार्फत थप नयाँ कानुनको निर्माण नगरी ती कानुनको सहि प्रयोगसम्म गरी हामीले अपनाई आएको न्याय व्यवस्थाको मान्यता स्थापित गर्ने हो। यसै सन्दर्भमा "विधायिकाले नै नाबालक उपरको अप्राकृतिक मैथुनलाई जवर्जस्ती करणीको परिभाषाभित्र पारेको देखिएको अवस्थामा त्यस्तो क्रियालाई व्याख्याको माध्यमबाट बाल दूराचार (Child abuse) मात्र नसकिने" भनी यसै प्रकारको व्याख्या ने.का.प. २०६९ अंक ७ नि.नं. ८८६० मा गरेको देखिँदा प्रतिवादी PETER JOHN DALGLISH को कार्य नाबालक उपरको अप्राकृतिक मैथुनलाई बालयौन दूराचार अन्तर्गतको कसूर मात्र नमिल्ने भन्ने विधायिकी मनसायसँग समर्थित भएको देखिन्छ तर हाल प्रचलन रहेको मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(३) (ख) मा "दश वर्ष वा दश वर्षभन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका भए अठार वर्षदेखि बीस वर्षसम्म सजाय

हुने" भनी उल्लेख गरेको देखिए तापनि फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा **"कुनै कसूरका सम्बन्धमा कसूर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाको समयमा घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी सजाय निर्धारण गर्नु पर्नेछ"** भन्ने व्यवस्था गरेको देखिन्छ। साथै, केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेजी गर्न बनेको ऐन, २०७४ को दफा ३९(२)(ख) मा **"फौजदारी कसूरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म सजाय हुनेछ भनी जुन कानुनमा कम सजाय हुन्छ सोही अनुसार सजाय गर्नु पर्ने"** भन्ने व्यवस्था गरेको पाइन्छ। उल्लिखित कानूनी व्यवस्था हेर्दा आरोपित कसूर गर्दाको बखतमा कायम रहेको साविक मुलुकी ऐनको जबर्जस्ती करणीको महलको ९क.नं. ले निर्दिष्ट गरेको र ऐ. को ३(२) नम्बरमा **"दश वर्ष वा सोभन्दा बढी चौध वर्षभन्दा कम उमेरको बालिका भए आठदेखि बाह्र वर्षसम्म कैद सजाय हुनेछ"** भनी व्यवस्था भएको देखिँदा साविकको मुलुकी ऐनमा कम सजाय भएको देखिन आउँदा साविक मुलुकी ऐनमा उल्लिखित सजाय नै आकर्षित हुन आयो। अतः प्रतिवादीको उमेर र स्वास्थ्य अबस्था समेतलाई विचार गर्दा मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ९क.नं. को व्यवस्थाले निर्दिष्ट गरे बमोजिम ऐ. को ३(२) नं. बमोजिम निज प्रतिवादी PETER JOHN DALGLISH लाई ८ वर्ष कैद र ऐ. ९क.नं. बमोजिम प्रतिवादीबाट पीडित परिवर्तित नाम सि.आई.बि.२९५ र पीडित परिवर्तित नाम सि.आई.बि.२९४ ले जनही रु. ५ लाख भराई पाउने ठहर्छ। प्रतिवादीलाई अभियोग दावी बमोजिम जबर्जस्ती करणीको ९क. नम्बरमा भएको व्यवस्था बमोजिम थप सजाय गर्नुपर्ने हो कि भन्ने तर्फ विचार गर्दा, हाल प्रचलित कानुन मुलुकी अपराध संहिता, २०७४ को दफा २२६(३) मा थप सजायको व्यवस्था विधायिकाले नराखेको हुँदा साविकको मुलुकी ऐनमा भएको थप सजायसम्बन्धी व्यवस्था बमोजिम निज प्रतिवादीलाई थप सजाय गर्न मिलेन।

६८. अतः माथि विवेचित आधार र कारणहरूबाट प्रतिवादी PETER JOHN DALGLISH ले अभियोग दावी बमोजिम तत्कालिन मुलुकी ऐन जबर्जस्ती करणीको महलको ९क. नं. बमोजिमको कसूर गरेको पुष्टी हुन आएकोले निजलाई कसूर वारदात हुँदाको अबस्थामा तत्काल प्रचलित मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३(२) र ३(३) नं.को कानूनी व्यवस्था अनुसार ८ (आठ) वर्ष ६ महिना कैद र ऐ. को दफा ९क. बमोजिम थप ६ महिना कैद

र पीडितहरुले प्रतिवादीबाट जनही रु. ५/५ लाख भराई पाउने गरी भएको सुरु जिल्ला अदालतको फैसला केही उल्टी गरी उच्च अदालतले प्रतिवादीलाई मुलुकी ऐन, जबर्जस्ती करणीको ३(२) नं. बमोजिम ८ वर्ष कैद र ऐ. को ९क.नम्बर बमोजिम थप गरेको ६ महिना कैद हटाउनु पर्नेमा थप १ वर्ष कैद नहुने भनी गरेको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीलाई जबर्जस्ती करणीको महलको ३(२) नं. बमोजिम ८ वर्ष कैद र प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति समेत दिलाई भराई दिने गरेको हदसम्मको उच्च अदालतको इन्साफ मिलेकै देखिँदा सदर हुने ठहर्छ। साविक मुलुकी ऐन जबर्जस्ती करणीको महलको ९क. नम्बरमा भएको थप सजाय गर्नु भन्ने व्यवस्था हाल प्रचलित अपराध संहिताको दफा २२६(३) मा भएको व्यवस्थाको आलोकमा कार्यान्वयन गर्नु नपर्ने समेत ठहर्छ। आरोपित कसूरबाट सफाई पाऊँ भन्ने प्रतिवादीको र अभियोग दावी बमोजिम पूर्ण सजाय गरी पाऊँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

माथि ठहर खण्डमा लेखिएबमोजिम निज प्रतिवादी PETER JOHN DALGLISH लाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ९क.नं. को व्यवस्थाद्वारा निर्दिष्ट ऐ. ३(२) नं. बमोजिम ८ वर्ष कैद र ऐ. ९क.नं. बमोजिम प्रतिवादीबाट पीडित परिवर्तित नाम सि.आई.बि.२९५ र पीडित परिवर्तित नाम सि.आई.बि.२९४ ले जनही रु. ५ लाख क्षतिपूर्ति भराई पाउने र साविक मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ९क. नम्बरमा भएको थप सजाय गर्नु पर्ने भन्ने व्यवस्था हाल प्रचलित अपराध संहिताको दफा २२६(३) मा भएको व्यवस्था मुताविक कार्यान्वयन गर्नु नपर्ने ठहरेकाले सो बमोजिमको लगत कायम गर्नु भनी फैसलाको प्रतिलिपिसहित सुरु जिल्ला अदालतमा लेखी पठाउनू...............................१

प्रस्तुत मुद्दाको फैसलाको प्रतिलिपि पाऊँ भनी सरोकारवालाको निवेदन पर्न आएमा नियमानुसारको दस्तुर लिई नक्कल दिनू ......................................................१

प्रस्तुत फैसलाको जानकारी महान्यायाधिवक्ताको कार्यालय र थुनामा रहेका प्रतिवादीलाई दिनू...................................................................................................१

प्रस्तुत फैसलाको विद्युतीय प्रति विद्युतीय मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्टि गरी दायरीको

लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू..........................................................१

(सुनिल कुमार पोखरेल)
न्यायाधीश

उक्त रायमा सहमत छु।

(डा. नहकुल सुवेदी)
न्यायाधीश

इजलास अधिकृत:- सविनराज पाण्डे (उपरजिस्ट्रार)
अनुसन्धान सहयोगी (इन्टर्न):- टिना थापा र आराध्य देवकोटा
कम्प्युटर टाइप गर्ने:- कृष्ण गिरी
**इति संवत् २०८१ साल कार्तिक २१ गते रोज ४ शुभम् ..............................।**